: **प्रकाशक** :
गौरीगञ्ज गाउँपालिकाको कार्यालय

: **संरक्षक** :
फुलवती राजवंशी/ पुजन न्यौपाने कुँवर

: **सल्लाहकार** :
मणिराम खतिवडा
प्रमुख प्रशासकिय अधिकृत , गौरीगञ्ज गाउँपालिका

: **सम्पादन मण्डल** :
आत्माराम राजवंशी/बिष्णु पौडेल

: **सूचना सहयोगी** :
नारायणप्रसाद चँदरा योजना अधिकृत
गौरीगञ्ज गाउँपालिका

: **व्यवस्थापन** :
सूचना प्रविधि शाखा गौरीगञ्ज गाउँपालिका

**सहकार्य** - गौरीगञ्ज मिडिया
ले -आउट - सुरेन बस्नेत

**मुद्रण** :
पाथीभरा अफसेट प्रेस दमक ५ झापा

# सम्पादकीय ....

# साझा जिम्मेवारी , साझा कर्तव्य

नेपालको संविधान २०७२ ले परिकल्पना गरेका तीन तहका सरकारले सफलतापूर्वक पहिलो कार्यकाल पूरा गरेका छन्। संविधानको मूल मर्म र भावना अनुसार तीनै तहका (संघ, प्रदेश र स्थानीय) सरकारका लागि यो पहिलो कार्यकाल परिक्षणको कार्यकालका रुपमा बितेको छ। मुलत संविधानले नागरिकहरुका हक अधिकारहरुको सुनिश्चितताका लागि सबैभन्दा नजिकको सरकारका रुपमा स्थानीय सरकारलाई औंल्याएको छ। त्यो अभ्यास हामीले विगत २०७४ देखि २०७९ को वैशाख ३० सम्म गर्यौं। ३० वैशाख २०७९ मा मुलुकमा दोश्रो पटक स्थानीय तह अर्थात पालिकाहरुको निर्वाचन सम्पन्न भई हामी दोश्रो कार्यकालको स्थानीय सरकार सञ्चालनमा छौं। हाम्रा लागि संविधानले प्रदत्त गरेका धेरै अधिकारहरु मात्रै छैनन दायित्व र कर्तव्य सहितको अधिकार अहिलेको संविधानले स्थानीय सरकारलाई सुम्पिएको छ। यद्यपी कतिपय बिषयहरु संघ र प्रदेश सरकारले चालेका कदम र लिएको लक्ष्यका आधारमा पनि आएका छन्।

मुलत : नागरिकहरुको गाँस, बास र कपाससंगै स्वास्थ्य, शिक्षा र रोजगारीको सुनिश्चितता हाम्रा लागि नगरी नहुने र पूरा गर्न धेरै ठुला चुनौतीको चाङ बनेर अडिएका छन। सरकार भन्ने बित्तिकै नागरिकहरुको अभिभावक हो। यसमा कसैको दुईमत छैन। सरकारले पूरा गर्नुपर्ने दायित्व असिमित छन्। हाम्रो जस्तो बिकासोन्मुख मुलुकमा आवश्यकताहरु धेरै हुनु र आवश्यकता परिपूर्तिका लागि स्रोत साधनको सिमितता स्वभाविक हो। हाम्रो गौरीगञ्ज गाउँपालिका पनि यो बन्धनबाट बाहिर छैन। हामीकहाँ प्राकृतिक र भौगोलिक रुपले कृषि उर्वराभुमीको क्षेत्रफल ठुलो भएपनि यहाँका ७ वटा खोलाको कटान र डुबान मुख्य चुनौतीका रुपमा रहेको छ। गरीबिको चपेटामा सरदर ७० प्रतिशत भन्दा बढी गाउँपालिकाबासीहरु हुनुहुन्छ। बलियो र दिगो आयस्रोतको यहाँका नागरिकहरुलाई मात्रै होइन स्थानीय सरकारले पनि अभाव महसुस गरिरहेको छ। एकातिर भौगोलिक तथा प्राकृतिक मारमा अर्कोतर्फ भारतसंगको खुल्ला सीमाको प्रभाव यहाँका स्थायी समस्या जस्तै बन्न पुगेका छन। यस्तो अवस्थामा हामीले हाम्रो तर्फबाट नागरिकहरुका न्यूनतम आधारभूत आवश्यकताहरुको परिपूर्ति गर्दै कसरी यहाँको समुचित रुपमा आर्थिक र सामाजिक रुपान्तरण गर्ने ? भन्ने ठुलो चुनौती हामीमाझ छ। यहाँको साक्षरता , स्वास्थ्यमा नागरिक पहुँच एकदमै कमजोर अवस्थामा रहेको यथार्थ हामी सबैले स्विकार्नै पर्छ। यी र यस्ता तथ्यहरुका बीच हाम्रो पालिकामा नयाँ जनप्रतिनिधिहरुले २०७९ को जेठ १२ मा जिम्मेवारी सम्हाल्नु भएको छ। कार्यालयमा पदीय जिम्मेवारीका हिसाबले नेतृत्व हाम्रो प्रतिनिधित्व गर्दै विभिन्न पदमा आसिन रहनु भएको भएता पनि यहाँका हर समस्याहरु हामी सबैका साझा समस्या हुन। यि समस्याको निराकरणका लागि हामी सबैले आ–आफ्नो ठाउँबाट जिम्मेवार र सचेत नागरिकको हैसियतबाट पूरा गर्ने तर्फ लाग्नुनै हामी सबैको साझा कर्तव्य हुनेछ।



# स्वास्थ्य सेवामा स्थानीय सरकार

झापाको गौरीगंज गाउँपालिका वडा नं ६ खजुरगाछीमा रहेको गौरीगञ्ज खजुरगाछी प्राथमिक स्थास्थ्य केन्द्र गौरीगञ्ज गाउँपालिकाका जनप्रतिनिधिहरुको पहलमा अस्पतालको रूपमा सञ्चालनमा आएको छ। आर्थिक वर्ष २०७९/०८० देखि यो प्राथमिक स्वास्थ्य केन्द्र १५ शैय्याको गौरीगञ्ज अस्पतालको रूपमा स्वीकृति पाएको हो।

अस्पतालमा हाल एक जना एमबीबीएस फिजिसियन र २ जना एमडी चिकित्सक कार्यरत छन्। अस्पतालमा डा. विनोद साह (फिजिसियन), डा.विवेक कर्ण (एमबीबीएस) डा. कुशल श्रेष्ठ (एमबीबीएस) कार्यरत छन्। अस्पताललाई स्वास्थ्य विभागले ५ लाख बराबरको स्वास्थ्य सामाग्रीहरू निशुल्कमा प्रदान गरेको छ । अक्सिजन सिलिण्डरलगायत सामाग्रीहरू गौरीगंज गाउँपालिका वार्ड नं. १ का वडा अध्यक्ष कार्तिकलाल राजवंशीले स्वास्थ्य विभाग काठमाडौंबाट ल्याउनु भएको हो । गौरीगंज गाउँपालिका अध्यक्ष फुलवती राजवंशीले वडाध्यक्ष राजवंशीको नेतृत्वमा भएको सो कामको प्रशंसा गर्नुभयो। अस्पतालका अनुसार हाल १ सय देखि १ सय ५० सम्म दैनिक विरामीहरू स्वास्थ्य जाँच गर्न आउने गरेका छन । गाउँपालिकाका अध्यक्ष फुलवती राजवंशीले स्वास्थ्य सेवालाई चुस्त दुरूस्त बनाइराख्न कुनै कसर बाँकी नराख्ने बताउनु भयो । अध्यक्ष राजवंशीले अस्पतालका लागि डिजिटल भिडियो एक्सरे मेसिन र एम्बुलेन्स पनि प्राप्त हुने बताउनु भयो।

## प्रसुती सेवा प्रभावकारी

महिला नेतृत्वको गौरीगञ्ज गाउँपालिकाले प्रसुती सेवालाई अझ प्रभावकारी रुपमा सञ्चालन गरेको छ। गाउँपालिका भित्र सरकारी स्वास्थ्य संस्थामा नियमित स्वास्थ्य परिक्षण गराई प्रसुती सेवा लिन चाहने महिलाहरुलाई आवश्यकता अनुसार प्रसुतीका लागि सुत्केरी यातायात सेवामा लाग्ने खर्च ब्यहोर गर्दै आएको छ। यो सेवा चालू आर्थिक बर्षको पहिलो चार महिनामा ४१ जना महिलाले लिएका स्वास्थ्य शाखा प्रमुख रामचन्द्र मिश्रले जानकारी दिनुभयो। त्यसैगरी गौरीगञ्ज अस्पतालमा सञ्चालित निशुल्क प्रसुती सेवा गत बैशाख ४ गते यता १६ जना महिलाले लिएका छन। सोही अवधिमा सो अस्पतालमा आएर पनि प्रसुती सेवाका लागि अन्य ठुला अस्पतालमा रेफर गरिएका प्रसुती गराउने महिलाको संख्या २५ रहेको स्वास्थ्य शाखाले जनाएको छ। त्यस्तै सुत्केरी पोषण कार्यक्रम गाउँपालिकाका सबै वडामा चालू राखिएको छ। सुत्केरी पोषण कार्यक्रम अन्तर्गत गत वैशाख ४ गतेदेखि ५६ जना सुत्केरी महिला लाभान्वित भएका छन । वडाहरु मार्फत गाउँपालिका भरीका महिलाले यो सुविधा लिएका हुन। यस अन्तर्गत सुत्केरी महिलाले जनही १ हजार ५ सय रुपैयाँ सुत्केरी पोषण खर्च पाउँदै आएका छन्।

# स्वास्थ्य चौकी शिलान्यास



यसैबीच गौरीगंज गाउँपालिका वार्ड नं. ५ जनताचौक छेउमा स्वास्थ्य चौकी निर्माण भइरहेको छ। गौरीगंज गाउँपालिकाकी अध्यक्ष फूलवती राजवंशीले विधिपुर्वक पुजाअर्चना गरि सो स्वास्थ्य चौकीको शिलान्यास गर्नुभएको हो। करिब ४० लाख रूपैयाँको वजेटमा निर्माण हुने सो स्वास्थ्य चौकी भवन शिलान्यास कार्यक्रममा वार्ड नं. ५ का अध्यक्ष विजय सिंह गनगाई, वडा सदस्य देवनारायण सिंह गनगाई, स्वास्थ्य शाखा प्रमुख रामचन्द्र मिश्रलगायतको सहभागिता थियो।

वडा नं. ५ मा वार्डवासीलाई भाडाको घरबाट स्वास्थ्य सेवा दिईरहेको वडा अध्यक्ष विजय सिंह गन्गाईले बताउनु भयो। सँधीय सरकारको रु ४० लाख बजेटबाट सो भवन निर्माण भइरहेको वडाध्यक्ष गनगाइले जानकारी दिनुभयो। सो स्वास्थ्य चौकीको भवन बनाउन वडाध्यक्ष गन्गाईले २ कट्ठा जग्गा निशुल्क प्रदान गर्नुभएको थियो ।

# गौरीगञ्ज ३ ले गरिदियो नि:शुल्क स्वास्थ्य बीमा

गौरीगञ्ज गाउँपालिका वडा नं. ३ ले वडाका १९७ परिवारलाई नि: शुल्क स्वास्थ्य विमा गरिदिएको छ। वडा भित्रका विपन्न, आदिवासी जनजाति , दलित, मधेशी मुस्लिम, पिछडा वर्ग र जेष्ठ नागरिकहरूलाई निशुल्क स्वास्थ्य विमा गरिदिएको वडा नं. ३ का वडा अध्यक्ष श्रवण गिरीले जानकारी दिनुभयो। स्थानीय निर्वाचनमा निर्वाचित भएसंगै वडाको पहिलो वैठकमा ७ लाख रूपैयाँको लागतमा निशुल्क स्वास्थ्य बीमा गर्ने निर्णय भएको थियो। वडा सदस्यहरू गंगा प्रसाद राजवंशी, सुशील राई, शर्मिला राजवंशी राई, सुनिता पासवान लगायत वडा कार्यालयका कर्मचारीहरुको सक्रियतामा लक्षित वर्ग पहिचान गरि निशुल्क स्वास्थ्य बीमा गरिएको वडा कार्यालयले जनाएको छ।

# महिला कृषि समुहलाई कृषि उपकरण हस्तान्तरण



गौरीगञ्ज गाउँपालिका भित्रका ५ वटा महिला कृषि समुहहरुलाई अनुदानमा कृषि सामाग्रीहरु उपलब्ध गराइएको छ।

गौरीगञ्ज गाउँपालिकाको समन्वय र लुथरन विश्व फेडेरेसन नेपालको आर्थिक सहयोगमा न्याय तथा विकासका लागि सामाजिक सञ्जालले कृषि सामाग्रीहरु अनुदानमा प्रदान गरेका हुन्।

गाउँपालिकाकी अध्यक्ष फूलवती राजवंशीले औपचारिक कार्यक्रम गरी कृषक समुहका सदस्हरुलाई पम्प सेट ४ थान (डिजल मेसिन), इलेक्ट्रीक मोटर सेट २ थान, पीभिसी सेक्सन पाइप, फुट भाउल्भ, निप्पल, क्लिम्पलगायतका कृषि सामागीहरु हस्तान्तरण गर्नुभएको हो।

गौरीगञ्ज गाउँपालिका वडा नं. ५ को सरस्वती कृषि महिला समुह, वडा नं ४ को तुवावाहा कृषि महिला समुह, वडा नं ५ को शिवशक्ति कृषि महिला समुह, वडा नं. २ को रामनगर भाकुरमारी महिला समुह र कन्काई समुहलाई १ लाख ७० हजार ३ सय सइतीस रुपैया" बराबरको कृषि सामाग्रीहरु प्रदान गरिएको संस्थाका संयोजक कुमार चुडालले जानकारी दिनुभयो सो अवसरमा गौरीगञ्ज गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत मणिराम खतिवडा, एसएनजेडी संस्थाका अध्यक्ष सोमनाथ भट्टराई, कार्यपालिका सदस्य अघनु राजवंशी, अपाङ्ग संघ गौरीगंजका अध्यक्ष शेरमान बुढाथोकी लगायतको सहभागिता थियो।




# लामखुट्टेको लार्भा नष्ट गर्ने अभियानमा जनप्रतिनिधि र कर्मचारीहरू

लामखुट्टेको टोकाइका कारण फैलिएको डेंगी संक्रमण रोक्न लामखुट्टेको लार्भा नष्ट गर्न आव्हान गर्दै गौरीगञ्ज गाउँपालिकाको स्वास्थ्य शाखाले बजार क्षेत्रमा सांकेतिक रुपमा सरसफाई अभियान सञ्चालन गरेको छ।

देशैभर डेंगीको संक्रमण बढ्न थालेपछि लामखुट्टेको लार्भा नष्ट गर्न सांकेतिक आव्हान गर्दै असोजको दोश्रो साता यो अभियान सञ्चालन गरिएको स्वास्थ्य शाखा प्रमुख रामचन्द्र मिश्रले जानकारी दिनु भयो । झापा उद्योग वाणिज्य संघ गौरीगंजको समन्वयमा वडा नं ३ को गौरीगंज चौक र वजार क्षेत्र, वडा नं. ६ को खजुरगाछी वजार र नेपाल रेडक्रस सोसाईटी गौरीगंजको समन्वयमा वडा नं. ३ कै ठेकीटोला चौक, वडा नं. १ स्थित कुञ्जिवारी बजार र आसपासमा गौरीगंज गाउँपालिकाकी उपाध्यक्ष पुजन न्यौपाने, वडा नं. ३ का वडा अध्यक्ष श्रवण गिरी, उद्योग वाणिज्य संघ गौरीगंजका अध्यक्ष तथा पुर्व वडा अध्यक्ष मखना महतोसहित जनप्रतिनिधि, रेडक्रस गौरीगंजका सभापति यादव रिजाल, स्वास्थ्य शाखाका प्रमुख रामचन्द्र मिश्रसहित स्वास्थ्यकर्मी, प्रहरीसमेतको टोलीले पानी जम्ने स्थान , पुराना टायर ,पुराना जुत्ता चप्पल, प्लास्टिका भाडा ,पानीका ट्यांकी , गमला, लगायत पानी जम्ने ठाउमा पुगेर लामखुट्टेको लार्भा नष्ट गरिएको थियो।

गाउँपालिका कि उपाध्यक्ष पुजन न्यापानेले कुञ्जिवारी बजारमा लामखुट्टेको लार्भा प्रशस्तै भेटिएको बताए। उनले देखिएको लार्भा नष्ट गरिएपनि अदृश्य रुपमा अझै लार्भाहरु रहन सक्ने र दिनदिनै

यसको लामखुट्टेले लार्भा उत्पादन गर्ने भएकाले सतर्कता अपनाउँदै नष्ट गर्न गाउँबासीलाई आव्हान गरिएको बताउनु भयो।
लार्भा उत्पादन रोक्न फुलदानी, टायर तथा अन्य कुना काप्चामा जम्ने पानीलाई हप्तामा दुई पटक अनिवार्य सफा गर्नु पर्ने स्वास्थ्य सरोकारवालाहरुको सुझाव छ।
गौरीगंज गाउँपालिका वार्ड नं.३ का वडा अध्यक्ष श्रवण गिरीले डेंगुको संक्रमण भएमा एक्कासी उच्च ज्वरो आउने, बेस्सरी टाउको दुख्ने, आँखाको गेडी दुख्ने, शरिरमा खटिरा तथा विमिरा आउने, रिंगटा लाग्ने हाडजोर्नी र माँसपेशीहरु र ढाड दुख्ने लगायतका लक्षण आउने भन्दै त्यस्ता लक्षण देखिएमा स्वास्थ्य संस्थाको सम्पर्कमा जान सर्वसाधारणलाई आग्रह गरिएको बताउनुभयो । गाउँपालिकाले गौरीगंज अस्पतालमा र वडाहरूको श्वास चौकीहरूमा त्यस्तो किसिमको लक्षण भएका बिरामीको निशुल्क परिक्षण र उपचार गर्ने व्यवस्था मिलाएको स्वास्थ्य शाखा प्रमुख मिश्रले जानकारी दिनु भयो।

# वडा नं ३ ले दियो स्कूल ब्याग




गौरीगंज गाउँपालिका वडा नं ३ भित्रका सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीलाई वडाले स्कूल ब्याग वितरण गरेको छ।
गौरीगंज गाउँपालिका वार्ड नं. ३ ले वडाको सिलिङ्ग बजेटबाट विनियोजित २ लाख रूपैयाँबाट ३ वटा सामुदायिक विद्यालयका विद्यार्थीलाई ब्याग वितरण गरेको हो।
गौरीगंज गाउँपालिका वार्ड नं. ३ भित्र रहेका गौरीगंज मावि, गौरी प्राथमिक विद्यालय ठेकीटोला र गौरीगंज प्रावि हुक्कागाछीमा अध्ययनरत कक्षा १ देखि ५ सम्मका विद्यार्थीलाई ब्याग वितरण गरेको वडा नं ३ का वडा अध्यक्ष श्रवण गिरीले बताए।
तीन वटै विद्यालयमा छुट्टाछुट्टै कार्यक्रम गरि सामुदायिक विद्यालयका विद्यार्थीलाई प्रोत्साहन स्वरूप वडा कार्यालयले ब्याग वितरण गरेको हो।
गौरीगंज मावि र गौरीगंज प्राथमिक विद्यालयमा छुट्टाछुट्टै कार्यक्रमको आयोजना विद्यार्थीलाई ब्याग वितरण गरिएको छ। गौरीगंज प्राविमा आयोजना गरिएको ब्याग वितरण कार्यक्रमको प्रमुख अतिथि गौरीगंज गाउँपालिकाकी अध्यक्ष फूलवती राजवंशी हुनुहुन्थयो। गौरीगंज गाउँपालिका वार्ड नं. ३ का वडा अध्यक्ष श्रवण गिरी, वडा सदस्यहरू गंगा राजवंशी, मिना पासवान, शर्मिला राई राजवंशी, सुशील राई, विद्यालयका प्राध्नाध्यापक हरिलाल यादव, शिक्षकहरू राजेन्द्र भण्डारी, देवराज गिरी, रानी राजवंशीलगायत विद्यालय कर्मचारीहरूको सहभागिता थियो।

# गौरीगञ्ज गाउँपालिका, झापा स्वास्थ्य सेवा सञ्चालन सम्बन्धी कार्यविधि : २०७९

(गाउँ कार्यपालिकाबाट स्वीकृत : २०७९/०९/२१)

**आधारभूत स्वास्थ्य सेवा प्रदायक र व्यवस्थापन सम्वन्धी व्यवस्था**

**आधारभूत स्वास्थ्य सेवा प्रदायकहरु :** स्थानीय स्तरमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा प्रदायकहरु देहाय वमोजिम तीन प्रकारका हुनेछन् :-

**(क) सरकारी वा सामुदायिक :** सरकारी तथा सामुदायिक स्वामित्वमा संचालन भएका आधारभुत अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य सेवा केन्द्र, सामुदायिक स्वास्थ्य इकाई, आयूर्वेद, होमियोप्याथी तथा प्राकृतिक चिकित्सा केन्द्र, गाउँघर क्लिनिक, साधारण स्वास्थ्य क्लिनिक, आयूर्वेद स्वास्थ्य केन्द्रहरु, सरकारी वा सामुदायिक स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन्।

**(ख) निजी :** निजी क्षेत्रद्वारा संचालित अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक वा क्लिनिक, प्रयोगशाला, फार्मेसी, प्राथमिक उपचार केन्द्रहरु निजी स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन्।

**(ग) ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको अधिनस्थ :** ट्रष्ट वा लोककल्याणकारी संस्थाहरु मार्फत संचालन हुने अस्पताल, स्वास्थ्य केन्द्र, घुम्ती क्लिनिक यस अन्तर्गत पर्दछ।

**४. स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड :** स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड संघीय सरकारले निर्धारण गरे वमोजिम हुनेछ।

**५. गाउँपालिका स्तरीय स्वास्थ्य सेवा समन्वय समितिको गठन, काम, कर्तव्य र अधिकार :**

(१) गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरुको रेखदेख तथा व्यवस्थापन गर्न देहाय वमोजिमको एक गाउँपालिका स्तरीय स्वास्थ्य सेवा समन्वय समिति गठन गरिने छ।

**यस समितिको गठन यस प्रकार हुनेछ :**

क) गाउँपालिका अध्यक्ष अध्यक्ष ख) गाउँपालिका उपाध्यक्ष सदस्य ग) प्रमुख प्रशासकीय अधिकृत सदस्य घ) गाउँपालिका सामाजिक तथा सार्वजनिक लेखा समिति संयोजक सदस्य ङ) गाउँ कार्यपालिकाले मनोनित गरेकोको १ जना महिला र १ जना दलित सहित ३ जना सदस्य च) स्वास्थ्य सेवा क्षेत्रमा कार्य गरिरहेका विज्ञहरु मध्येबाट गाउँपालिका स्वास्थ्य सेवा समन्वय समितिले मनोनित गरेको १ जना सदस्य। छ) आमा समूह वा स्वास्थ्य स्वयंसेविका सञ्जालमध्येबाट गाउँपालिका स्वास्थ्य सेवा समन्वय समितिले मनोनित गरेको एक जना सदस्य ज) समितिले मनोनित गरेको उद्योग वाणिज्य क्षेत्रमा कार्य गर्ने वा वाणिज्य संघको प्रतिनिधि वा सामाजिक संघ सस्थाहरुबाट १ जना सदस्य झ) स्वास्थ्य शाखा प्रमुख सदस्य सचिव (मनोनित सदस्यहरुको कार्यावधि २ बर्षको हुनेछ।)

**(२) गाउपालिका स्वास्थ्य सेवा समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :**

(क) गाउँपालिका क्षेत्रभित्रका स्वास्थ्य सेवा सम्वन्धी योजना तयार गर्ने। (ख) गाउँपालिका क्षेत्रभित्र स्वास्थ्य संस्था सञ्चालनका लागि अनुमति, स्वीकृति सम्बन्धी गाउँ कार्यपालिकालाई आवश्यक राय प्रदान गर्ने। (ग) स्वास्थ्य

संस्था व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजग बनाउने।

घ) स्वास्थ्य संस्थाहरुको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने गराउने। (ङ) स्वास्थ्य संस्थाहरुको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने। (च) स्वास्थ्य विशेषज्ञहरु र स्वास्थ्य सेवा प्रदायकहरुको सूची अद्यावधिक तथा प्रकाशन गर्ने। (छ) स्वास्थ्य सेवाको पहुँच भन्दा बाहिर रहेका समुदायको पहिचान गरी सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रवन्ध गर्ने/गराउने। (ज) गाउँ कार्यपालिकालाई स्वास्थ्य सेवा सम्वन्धी क्षेत्रमा आवश्यक सुझाव र सल्लाह दिने। (झ) स्वास्थ्य संस्थाहरुमा सञ्चालनमा आएका सुलभ औषधि पसल वा केन्द्रहरुको निरीक्षण, नियन्त्रण तथा रेखदेख गरी सो पसलहरुको लेखापालन तथा व्यवस्थापन चुस्त दुरुस्त राख्न लगाउने। (ञ) तोकिए वमोजिमका अन्य कार्यहरु गर्ने।

**६. स्वास्थ्य संस्था व्यवस्थापन समिति गठन, काम, कर्तव्य र अधिकार:**

(१) सामुदायिक अस्पताल, गाउँपालिका स्तरको अस्पताल तथा प्राथमिक स्वास्थ्य केन्द्र वा स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य सेवा केन्द्र व्यवस्थापनका लागि देहाय वमोजिम सदस्य रहने गरी हरेक संस्थाको छुट्टाछुट्टै सञ्चालन तथा व्यवस्थापन समिति गठन गरिने छ।

१.१ गाउँपालिकास्तरको अस्पताल : क. गाउँपालिका अध्यक्ष संरक्षक ख. सम्बन्धित वडाको वडा अध्यक्ष अध्यक्ष ग. कार्यपालिकाकाले तोकेको वडा सदस्य उपाध्यक्ष ( अध्यक्ष र उपाध्यक्ष दुई विपरित लिगिं हुनुपर्नेछ। )
घ. गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले तोकेको गाउँपालिकाको अधिकृतस्तरका कर्मचारी सदस्य ङ. स्वास्थ्य/जनस्वास्थ्य क्षेत्रका विज्ञ अथवा स्वास्थ्य/जनस्वास्थ्य क्षेत्रमा सक्रिय सामाजिक संस्थाका प्रतिनिधीहरु अथवा महिला स्वास्थ्य स्वयंसेविकाहरु मध्येवाट गाउँ कार्यपालिकालेमनोनित गरेका कम्तीमा १ महिला सहित २ जना सदस्य  च. गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख सदस्य  ।  छ. आदिवासी जनजाती/दलितवाट एक जना, अपाङ्गता भएका वा जेष्ठ नागरिकवाट एक जना, किशोर किशोरीहरुवाट एक जना समेत कम्तीमा एक महिलासहित कार्यापालिकाले मनोनित गरेका तीन जना सदस्य। ज. गाउँपालिकाभित्रका सामुदायिक क्याम्पसका प्रमुख अथवा सामुदायिक विद्यालयका प्राचार्य/प्र.अ.हरु मध्येबाट कार्यपालिकाले मनोनित गरेको १ जना सदस्य झ. सम्वन्धित अस्पतालको आर्थिक वा जिन्सी शाखा प्रमुख सदस्य ञ. सम्वन्धित अस्पतालका प्रमुख सदस्य सचिव ट. आवस्यकता अनुसार समितिले इलाका प्रहरी कार्यालय प्रमुखसहित ३ जना सदस्य (१ जना महिला) मनोनित गर्न सक्ने छ।  तर मत बाझिएको अवस्थामा यसरी मनोनित सदस्यहरु निर्णय प्रक्रियामा सहभागी हुन पाउने छैनन्।

**१.२ वडास्तरको स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य इकाई :**

क. गाउँपालिका अध्यक्ष संरक्षक ख. सम्बन्धीत वडाका वडा अध्यक्ष अध्यक्ष ग. सम्वन्धित वडाका निर्वाचित वडा सदस्यहरु मध्ये वडा समितीले तोकेको १ जना उपाध्यक्ष। घ. स्वास्थ्य संस्था रहेको वडाका सामुदायिक विद्यालयका प्रचार्यहरु/ प्रधानाध्यापकहरु मध्येबाट वडा समितिले मनोनित गरेको १ जना महिला सदस्य (सम्वन्धित वडामा महिला प्राचार्य/प्रधानाध्यापक नभएमा महिला शिक्षकवाट १ जना मनोनित गर्नुपर्ने) (ङ) स्थानिय व्यापार/बाणिज्य संघको प्रतिनिधीहरु मध्येवाट वडा समितीले मनोनित गरेको १ जना सदस्य च. स्वास्थ्य संस्था रहेको वडाका महिला स्वास्थ्य स्वयमसेविकाहरु मध्ये वडा समितिले मनोनित गरेको १ जना सदस्य।  छ. सम्वन्धित वडाको वडा सचिव सदस्य ज. सम्वन्धित स्वास्थ्य संस्थाको प्रमुख सदस्य सचिव वडा स्तरिय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितीमा तपशिल अनुसार ३ जना आमन्त्रित सदस्यहरु रहनेछन्। झ. सम्वन्धित वडामा रहेका दलित/जनजाती समुदायका प्रतिनिधीहरु मध्ये समितिले मनोनित गरेका १ जना आमन्त्रित सदस्य ञ. सम्वन्धित वडामा रहेका अपाङ्गता भएका,अशक्त वा जेष्ठ नागरिकहरु मध्ये समितीले मनोनित गरेका १ जना आमन्त्रित सदस्य ट. सम्वन्धित वडामा रहेका किशोर किशोरी/बाल क्लवका प्रतिनिधीहरु मध्ये समितीले मनोनित गरेका १ जना आमन्त्रित सदस्य।

(२) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका काम कर्तव्य र अधिकार निम्नानुसार हुनेछन :

क. आफ्नो स्वास्थ्य संस्थाको वार्षिक योजना बनाई सम्बन्धित वडा समिति मार्फत गाउँपालिकामा पेश गर्ने। ख. व्यवस्थापन समितिको नियमित बैंठक गर्ने, स्वास्थ्य संस्थामा परेको समस्याहरुको समाधानमा आवश्यक कार्य गर्ने। ग. वार्षिक समिक्षा, सामाजिक परीक्षण जस्ता मूल्याङ्कनका कार्यक्रम संचालन गर्ने। घ.सम्बन्धित स्वास्थ्य संस्थाका कर्मचारीको प्रभावकारी परिचालनको लागि सहजिकरण गर्ने। ङ. स्वास्थ्य घुम्ति शिविरहरु राख्न सम्बन्धित निकायहरुमा समन्वय गर्ने तथा व्यवस्थापन गर्ने च. सुलभ फार्मेसी सेवा सञ्चालन भएको भए सो सेवाको रेखदेख, अनुगमन, व्यवस्थापन गरी चुस्त दुरुस्त लेखापालन कायम राख्ने वा राख्न लगाउने र सुलभ फार्मेसी सेवा सञ्चालन नभएको भए सञ्चालनका लागि आवश्यक पहल गर्ने। छ. केन्द्र, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धि कार्यक्रम तथा अभियानहरुलाई सफल पार्न आवश्यक कार्य गर्ने।

(३) गाउँघर क्लिनिक व्यवस्थापन समिति गठन, काम, कर्तव्य, र अधिकार : (क) वडा समितिले तोकेको.सम्बन्धीत वडाको विर्वाचित वडा सदस्य अध्यक्ष (ख) सो वार्डको महिला स्वास्थ्य स्वयमसेविका मध्येबाट समितिले मनोनित गरेको एक जना सदस्य ग) सो क्षेत्रको टोल विकास संस्थाको अध्यक्षहरुमध्ये वडा समितिले मनोनित एक जना सदस्य (घ) गाउँघर क्लिनिक रहेको क्षेत्रको विद्यालयको प्रधानाध्यापकहरु मध्येबाट वडा समितिले मनोनित गरेको एक जना सदस्य (ङ) सम्वन्धित स्वास्थ्य संस्था प्रमुखले तोकेको सो स्वास्थ्य संस्थाका फिल्डमा काम गर्ने अ.हे.ब/अ.न.मी सदस्य सचिव ७. बैंक खाता सञ्चालन तथा लेखा व्यवस्थापन

७.१. गाउँपालिका स्तरको अस्पताल : गाउँपालिका स्तरको अस्पतालको बैक खाता सम्वन्धित अस्पताल व्यवस्थापन समितिको अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ। सदस्य सचिव करार सेवामा कार्यरत रहेमा व्यवस्थापन समितिको अध्यक्ष र सम्वन्धित अस्पतालको आर्थिक वा जिन्सी शाखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन गरिनेछ।

७.२ वडा स्तरको स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य इकाई : वडा स्तरको स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य इकाईको बैक खाता सम्वन्धित स्वास्थ्य संस्था व्यवस्थापन समिति अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट सञ्चालन गरिनेछ।

## परिच्छेद: ३
## स्वास्थ्य संस्था स्थापना र सञ्चालन सम्वन्धी मापदण्ड

### ८. अस्पताल तथा स्वास्थ्य संस्था सञ्चालन मापदण्ड

**(१) आधारभुत अस्पताल :** गाउँपालिका आफैले तोकिएको मापदण्डमा १५ शैयासम्म क्षमताको आधारभूत अस्पताल संचालन गर्न सक्नेछ। यस्तो अस्पताल संचालन गर्न गाउँपालिकाले अस्पताल संचालन नियमावली तर्जुमा गरी संचालन गर्नेछ।

(क) भवन र कोठाहरु प्रतिक्षालय, प्रशासन कक्ष, प्राथमिक उपचार कक्ष, बहिरङ्ग तथा अन्तरङ्ग सेवा कक्षहरु, प्रयोगशाला कक्ष, एक्सरे कोठा, औषधी भण्डारण तथा वितरण कक्ष, सुलभ फार्मेसी सेवा विक्री वितरण कक्ष, प्रसुती कक्ष लगायतका विभिन्न सेवा सुविधा सहितको तोकिएको मापदण्ड अनुरुपको भवन।

(ख) उपकरण : बिरामी जाँच तथा अपचार, आकस्मिक सेवा, अन्तरंग सेवा, बहिरंग सेवा, आमा सुरक्षा कार्यक्रम, जनस्वास्थ्य कार्यक्रम, अप्रेसन सेवा, रेडियोलोजी सेवा, आँखा तथा दन्त सेवा, आधारभूत तथा प्राथमिक उपचारका लगायत स्वास्थ्य सेवाका लागि आवश्यक उपकरणहरु।

(ग) फोहोर मैला व्यवस्थापन अस्पतालजन्य फोहोरमैला व्यवस्थापनका लागि उपयुक्त र बैज्ञानिक फोहरमैला व्यवस्थापन प्रणाली भएको हुनु पर्ने।

(घ) अन्य : यसमा अल्लेख नभएका कुराहरु प्रचलित नियम, कानुन अनुसार हुनेछ।

(२) स्वास्थ्य चौकी/आधारभुत स्वास्थ्य केन्द्र : गाउँपालिकाले प्रत्येक वडा अर्थात जनसंख्याको अनुपातमा कम्तिमा देहायका पूर्वाधार पूरा गरी स्वास्थ्य चौकी/आधारधुत स्वास्थ्य केन्द्र संचालन गर्नुपर्नेछ :

(क) भवन र कोठाहरु : प्रतिक्षालय, प्रशासन कक्ष, प्राथमिक उपचार कक्ष, बहिरङ्ग तथा अन्तरङ्ग सेवा कक्षहरु, प्रयोगशाला कक्ष, एक्सरे कोठा, औषधी भण्डारण तथा वितरण कक्ष, सुलभ फार्मेसी सेवा विक्री वितरण कक्ष, प्रसुती कक्ष लगायतका विभिन्न सेवा सुविधा सहितको तोकिएको मापदण्ड अनुरुपको भवन।

(ख) उपकरण : आधारभुत स्वास्थ्य सेवा तथा प्राथमिक उपचारका लागि आवश्यक आधारभूत उपकरणहरु ।

(ग) फोहोर मैला व्यवस्थापन स्वास्थ्य संस्थाजन्य फोहोरमैला व्यवस्थापनका लागि उपयुक्त र बैज्ञानिक फोहरमैला व्यवस्थापन प्रणाली भएको हुनुपर्ने । (घ) अन्य : यसमा अल्लेख नभएका कुराहरु प्रचलित नियम, कानुन अनुसार हुनेछ।

(३) गाउँपालिका क्षेत्र भित्र जडिबुटी, प्राकृतिक चिकित्सा, योगा ध्यान लगायतका रोकथाममूलक र वैकल्पिक चिकित्सा सेवाको प्रवर्द्धनका लागि समुदाय वा ट्रष्टहरुसँगको साझेदारीमा वा गाउँपालिका आफैंले कम्तीमा एउटा आयूर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्रको स्थापना र सञ्चालन गर्नुपर्नेछ।

(४) गाउँपालिकाको जनसंख्या, भौगोलिक अवस्था, सेवाको पहुँच समेतलाई मध्यनजरमा राखी आवश्यकता अनुसार सामुदायिक स्वास्थ्य इकाई स्थापना तथा सञ्चालन गर्न गराउन सक्नेछ।

९. निजी क्षेत्रले अस्पताल संचालन गर्न सक्नेः (१) गाउँपालिका क्षेत्रभित्र निजी क्षेत्र तथा ट्रष्ट वा लोककल्याणकारी संस्थाद्वारा अस्पताल संचालन गर्न चाहेमा १५ शैया सम्मको संचालन अनुमती गाउँपालिकाले दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम अस्पताल संचालन गर्न चाहने व्यक्ति वा संस्थाले अनुमतीको लागि तोकिएको ढाँचामा गाउँपालिकामा निवेदन दिई तोकिए बमोजिमको प्रक्रिया पुरा गर्नुपर्नेछ।

**१०. अस्पताल संचालन गर्न आवश्यक मापदण्डः**

गाउँपालिकाको स्वीकृतीमा संचालन हुने १५ शैयासम्मको अस्पतालहरुले देहाय अनुसारको मापदण्ड पुरा गर्नुपर्नेछ। (१) जनशक्ति :कम्तिमा एक जना विशेषज्ञ सहित चार जना एम.वि.वि.एस डाक्टर, एक जना रेडियोलोजिष्ट, कम्तिमा दुई जना स्टाफ नर्स, कम्तिमा दुई जना हे.अ., कम्तिमा ४ अ.हे.व., कम्तिमा ४ जना अ.न.मी., कम्तिमा १ जना ल्याव टेक्निसियन, कम्तिमा १ जना डार्क रुम असिस्टेन्ट र आवश्यक मात्रामा सहायक र सहयोगी स्वास्थ्यकर्मी

(२) भवन तथा कोठा र हाताहरुः दर्ता चलानी, वहिरंग सेवा, इमर्जेन्सी कक्ष, ओ.पि.डि कक्ष, प्रयोगशाला कक्ष, भर्ना भएका विरामी राख्ने क्याविन, नर्सिङ कक्ष, प्रशासन कक्ष, लेखा फाँट, तथ्याङ्क फाँट, प्रतिक्षालय कक्ष, कम्तिमा एक इन्सिनेरेटर, प्लासेन्टापिट, पार्किङ समेत अन्य आवश्यक सेवा कक्ष तथा हाताहरु।

(३) उपकरण र पूर्वाधारः सडक नेटवर्कले जोडिएको, एम्बुलेन्स सेवाको उपलव्धता, विरामी राख्ने बेड र लाइफ सपोर्ट सिष्टम, २४ घण्टा विद्युत सेवा, टेलिफोन र खानेपानी सेवा भएको, अक्सिजनको व्यवस्था, चिकित्साजन्य फोहर व्यवस्थापनको उचित व्यवस्था भएको हुनुपर्ने।

(४) प्रशासनिक जनशक्तिः प्रशासन अधिकृत, लेखा अधिकृत, तथ्याङ्क अधिकृत, कम्प्युटर अपरेटर, ना.सु., कम्तिमा ४ जना का.स. तथा पहरेदारहरु।

-५) आफ्नो भवन भए गाउँपालिकाको नियमानुसार घर नक्सा जाँच पास भएको प्रमाण सहितको जग्गाधनी प्रमाण पूर्जा र भाडामा लिएको भवन भए कम्तिमा पाँच वर्षसम्मको सम्झौता भएको घर बहाल सम्झौता पत्र।

(६) भौतिक पूर्वाधार सम्बन्धी अन्य व्यवस्था तथा सञ्चालन अनुमति तोकिए बमोजिम हुनेछ।

**११. पोलिक्लिनिक संचालनको अनुमती :** (१) गाउँपालिका क्षेत्रमा कुनै व्यक्ति वा संस्थाले पोलिक्लिनिक संचालन गर्न चाहेमा तोकिएको मापदण्ड पूरा गरी स्वीकृती लिनु पर्नेछ। (२) एक जना एम.वि.वि.एस.चिकित्सक, एक जना हे.अ., एक जना अ.हे.व. एक जना अ.न.मि., एक जना ल्याव असिस्टेन्ट, एक जना सरसफाई सहयोगी सहितको अन्य तोकिएका जनशक्ति र तोकिएको सामान्य पूर्वाधारहरु सहितको प्रमाण सहितका कागजातहरु माग निवेदनका साथ पेश गर्नु पर्नेछ।

**१२. प्रयोगशाला वा ल्याब संचालन अनुमती :** व्यक्ति वा कुनै संस्थाले प्रयोगशाला वा ल्याव संचालन गर्न चाहेमा देहाय वमोजिमको विवरण सहित गाउँपालिकाबाट अनुमति लिई तोकिए बमोजिमको स्वीकृति लिनु पर्नेछ।

**१३. फार्मेसी संचालनको अनुमती :**

(१) गाउँपालिका क्षेत्रभित्र फार्मेसी संचालन गर्न चाहेमा गाउँपालिकाबाट अनुमती लिनु पर्नेछ। (२) आधारभूत फार्मेसी शिक्षा प्राप्त व्यक्ति वा औषधी बिक्रि बितरणको लागि सम्बन्धीत औषधि बिभागबाट ईजाजत प्राप्त ब्याक्ति सञ्चालक रहने गरी फार्मेसी सञ्चालन गर्ने स्थान, विक्री वितरण गर्ने औषधीका प्रकारहरु र प्राथमिक उपचार सेवाको विवरण आवेदनमा खुलाउनु पर्ने छ। (३) फार्मेसी सञ्चालनमा रहने मुख्य सञ्चालक र सहायक कर्मचारीहरुको विवरणहरु शैक्षिक प्रमाण पत्र, नागरिकता र हालको वसोवास ठेगाना प्रमाण भएको कागजात र वडा कार्यालयको सिफारिस साथ आवेदन पेश गर्नुपर्ने। (४) प्राप्त विवरण सहितको आवेदन बमोजिम फार्मेसी संचालनको अनुमती दिन सक्नेछ।

**१४ . निजि क्षेत्रले प्राथमिक उपचार केन्द्र संचालनको अनुमति :**

(१) गाउँपालिका क्षेत्र भित्र प्राथमिक उपचार केन्द्र संचालन गर्न वा घरमा आधारित स्वास्थ्य सेवा प्रदान गर्न चाहेमा कुनै चिकित्सक वा पारामेडिकल स्वास्थ्य सेवा प्रदायकहरुले तोकिएको मापदण्ड पूरा गरी गाउँपालिकाबाट अनुमति लिनु पर्नेछ।

(२) नेपाल मेडिकल काउन्सिल वा नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएका चिकित्सक वा तालिम प्राप्त स्वास्थ्यकर्मी (मेडिकल अधिकृत, हे.अ., सि.अ.हे.व., अ.हे.व.)संचालक रहने गरि तोकिएको मापदण्ड पूरा गरी स्वीकृती लिएर प्राथमिक उपचार केन्द्र संचालन गर्न पाउने छ। (३) तोकिए वमोजिमको प्राथमिक उपचार,परार्मशसेवा, अतिआवश्यक औषधी, उपचार सेवाहरु प्रदान गर्न सक्नेछन्।

**१५. मापदण्ड पुरा नगरेमा सजाय हुने :** (१) स्वास्थ्य संस्था, प्रयोगशाला, फार्मेसी जस्ता स्वास्थ्य सेवा संचालनको स्वीकृती लिँदा तोकिएको मापदण्ड पूरा नगरी झूठा विवरण दिएको वा अस्थायी रुपमा मापदण्ड पूरा गरेको पाइएमा अनुगमन समितिले अनुगमन गरी सचेत गराउने, जरिवाना गराउने तथा स्वीकृती खारेजीको लागि गाउँपालिकामा सिफारिस गर्न सक्नेछ।

(२) चिकित्सक, स्वास्थ्यकर्मी, नर्सिङ्ग र फार्मेसीहरुले परिषद्मा व्यवस्था भए बमोजिमको आचार संहिता उल्लघंन गरेमा तोकिए बमोजिम सजाय हुनेछ।

**१६. सहुलियत र छुटको ब्यवस्था गर्नुपर्ने :** निजी लगानी र ट्रष्ट मार्फत सञ्चालनमा आएका स्वास्थ्य संस्थाहरुले स्वास्थ्य परिक्षण र उपचारका क्रममा लाग्ने शुल्क गाउँपालिकाको सिफारिसमा कम्तीमा १० प्रतिशत सेवाग्राहीहरुका लागि छुट वा मिनाहा दिनु पर्नेछ र जेष्ठ नागरिक तथा अन्यको हकमा तोकिए बमोजिम हुनेछ।


**१७. स्वास्थ्य सिविर सञ्चालन :** गाउँपालिका भित्र कुनै पनि स्वास्थ्य शिविर सञ्चालन गर्न प्रस्ताव सहित निवेदन पेश गरी गाउँकार्यपालिकाको कार्यालयबाट अनिवार्य स्वीकृत लिनु पर्नेछ।

**१८. नियमित प्रतिबेदन गर्नुपर्ने :** संस्थाहरुले प्रदान गरिएका सबै स्वास्थ्य सेवाहरुको नियम अनुसार मासिक रुपमा तोकिएको ढाँचामा प्रतिबेदन पेश गर्नुपर्नेछ।

# गौरीगञ्ज गाउँपालिकाद्वारा चार कार्यविधि पारित

झापाको गौरीगञ्ज गाउँ कार्यपालिकाले एक सातामा चार वटा कार्यविधि निर्माण गरेको छ । गाउँ कार्यपालिकाको बैठकले आवश्यकता अनुसार संघीय र प्रदेश कानुनसंग नबाझिने गरी स्थानीय सरकार सञ्चालनका लागि आवश्यक कार्यविधिहरु बनाएर लागू गर्न सक्ने संबैधानिक व्यवस्था छ। सोही व्यवस्था अनुसार स्थानीय तह अर्थात पालिकाले कार्यविधि निर्माण गर्दै आएका छन।

पालिकाले बजेट तथा कार्यक्रमहरु कार्यान्वयनका लागि आवश्यक कार्यविधि नबनाई खर्च गर्दा बितेका बर्षहरुमा पालिकाले ठुलो अंकमा बेरुजुको भार बोक्नु परिरहेकोले पारदर्शीताका लागि कार्यविधि निर्माण गरिएको पालिका स्रोतले जनाएको छ।




गाउँपालिकाले पछिल्लो समय भू-उपयोग सम्बन्धिको कार्यविधि, स्वास्थ्य सेवा सञ्चालन कार्यविधि, आर्थिक सहायता वितरण कार्यविधि र मर्मत सम्भार कोष सञ्चालन कार्यविधि पारित गरेको पालिकाको आधिकारिक वेवसाइटमा प्रकाशित विवरणमा उल्लेख गरिएको छ।
भू उपयोग कार्यविधि पारित भएसंगै गौरीगञ्जमा जग्गाको कित्ताकाट खुलाउने प्रकृयामा सहज भएको छ भने स्वास्थ्य सेवा सञ्चालन कार्यविधिले आधारभूत अस्पताल सञ्चालन, स्वास्थ्य चौकी, खोप केन्द्रहरुको सञ्चालन, रेखदेख तथा व्यवस्थापन, निजी स्वास्थ्य संस्था, प्रयोगशालाहरुमाथि आवश्यक नियमन तथा अनुगमनको पक्ष लगायत जनसरोकारका बिषयहरुको सम्बोधनमा सहज बनेको छ।

त्यस्तै जटिल तथा दिर्घरोगीहरु, न्यूनतम आधारभूत आवश्यकताबाट बञ्चित नागरिकहरु, विभिन्न प्रकोप तथा आकस्मिक घटनाका पीडितहरुलाई सहायताका लागि समेत मापदण्ड निर्धारण भएका छन। यसले पालिकाको कार्य सम्पादनमा सहजता र पारदर्शीताका लागि सहयोग पुग्ने विश्वास गरिएको गाउँपालिकाका योजना अधिकृत नारायण प्रसाद चँदराले जानकारी दिए।

# गाउँपालिकाले दियो अपाङ्गता भएकाहरुलाई सहायता सामग्री




'समावेशी विकासका लागि रूपान्तरित समाधानः पहुँचयुक्त र समतामूलक विश्वका लागि ऊर्जावान सिर्जनशीलताको प्रावधान' भन्ने मूल नारासहित विभिन्न कार्यक्रम आयोजना गरी अपांगता भएका व्यक्तिको ३१ औं अन्तर्राष्ट्रिय दिवस गौरीगञ्जमा पनि मनाइएको छ। यसै अवसरमा गौरीगंज गाउंपालिकाले एक कार्यक्रमको आयोजना गरि अपाङ्गता भएका व्यक्तिहरूलाई सहायता सामाग्री प्रदान गरेको हो। गाउँपालिकाले गौरीगंज अपाङ्ग सहयोग समिति र सोसियल नेटवर्क फर जस्टिस एण्ड डेप्लपमेन्टको संयुक्त सह आयोजनामा भएको कार्यक्रममा ७ जनालाई ब्हिल चेयर प्रदान गरेको थियो।

गौरीगंज गाउँपालिकाकि अध्यक्ष फुलवती राजवंशीको अध्यक्षतामा भएको कार्यक्रममा गाउँपालिकाकी उपाध्यक्ष पुजन न्यौपाने कुवँर, निर्वतमान उपाध्यक्ष दिपिन्द्र थापा, प्रमुख प्रशासकिय अधिकृत मणिराम खतिवडा, वडाअध्यक्ष फेका गिरी, कार्यपालिका सदस्य राधा अधिकारी, वडा सदस्य राजभत्त सुनुवारलगायतले शुभकामना मन्तव्य राखेका थिए। गौरीगञ्ज गाउँपालिका भरीका ५८ जना अपाङ्गता व्यक्तिहरू व्रेल लिपी र अन्य शिक्षाबाट वञ्चित रहेकोले उनीहरूको पठन- पाठन गर्ने व्यवस्था गरिदिन गौरीगंज अपाङ्ग सहयोग समितिका अध्यक्ष शेरमान बुढाथोकीले स्थानीय सरकारको ध्यानाकर्षण गराउनु भएको थियो।




# वडा नं १ मा लैंगिक समानताको अधिकार सम्बन्धी महिलालाई अभिमुखिकरण

गौरीगञ्ज/ गाउँपालिका वडा नं. १ को कार्यालयको आयोजना तथा नमस्ते टेक्नीकल इन्स्टिच्युट एण्ड कन्सलटेन्सीको प्राबिधिक सहयोगमा महिला हिंसा बिरुद्ध तथा लैंगिक समानता सम्बन्धी तीन दिने अभिमुखिकरण तालिम ७ पुषमा सम्पन्न भएको छ। वडा कार्यालयको सभाहलमा आयोजित समापन समारोहमा वडाध्यक्ष कार्तिकलाल राजवँशीले सचेतना बिनाको भौतिक बिकासले मात्र समाज बिकसित नहुने बताउनु भयो । तालिममा सहभागी प्रशिक्षार्थी शुसिला ताजपुरियाले घरको काममा मात्र कुजिएर बसेका महिलाहरुलाइ घर बाहिरको संसारमा पुरुष सरह आफुलाइ उभ्याउन यस्ता तालिमहरु आवश्यक रहेको बताइन । त्यसैगरी अर्की प्रशिक्षार्थी मनिता सुबेदीले महिला राष्ट्रपती भएको देशमा महिलाहरु नै पिडित रहेको र त्यस बिरुद्ध आवाज उठाउन यस्ता तालिम गोष्ठीहरु सहायक सिद्ध हुने बताउनु भयो। उहाँले प्रशिक्षकहरु गँगादेवी कार्की र रुद्र प्रसाद धमलालाई धन्यबाद समेत दिनु भयो।
वडाध्यक्ष कार्तिकलाल राजवंशीको अध्यक्षतामा भएको समापन समारोहमा नमस्ते टेक्नीकल इन्स्टिच्युटका अध्यक्ष दयालाल राजवंशी वडा सदस्य राजभक्त सुनुवार र वडाध्यक्ष राजवंशी लगायतले मन्तब्य राख्नु भएको थियो भने स्थानीय प्रभु साहले गीत गाएर तथा प्रशिक्षार्थी गोमा पराजुलीले कबिता बाचन गरेर मनोरञ्जन गराउनु भएको थियो। समापन समारोहको सहजिकरण नमस्ते टेक्नीकल इन्स्टिच्युटका प्रबन्धक राजकुमार राजवँशीले गर्नुभएको थियो। तालिममा ४८ जना महिला हरुको सहभागिता थियो।



# के छ गौरीगञ्ज
# गाउँपालिकाको नीति कार्यक्रम ?

गौरीगञ्ज गाउँपालिकाले यहाँ सञ्चालित प्रसुति केन्द्रमा सुत्केरी हुन नसकी अन्यत्र रेफर गर्नु पर्ने अवस्था भएका जटिल प्रकृतिका गर्भवती तथा सुत्केरीहरूलाई नजिकको अस्पतालसम्म पुर्याउन निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउने गरेको छ।

छोरीलाई पनि आर्थिक रूपमा सक्षम बनाउनु पर्छ भन्ने उदेश्यसहित वैंक तथा वितीय संस्थामा बाल बचत खाता खोली गाउँपालिकाको तर्फबाट अनुदानको व्यवस्था मिलाउने त्यसैगरी गाउँपालिकाकाले गाउँपालिका वासीलाई सर्पले टोकी बाहिर उपचार गर्न लानु पर्ने अवस्था रहेमा उपचारमा लाग्ने सम्पुर्ण खर्च गाउँपालिकाले व्यवस्था मिलाउने नीति लिएको छ। एक सहकारी एक उत्पादन अभियान सञ्चालन गरि साझेदारीको रूपमा सहकारीलाई उत्साहित गर्दै कृषि तथा अन्य कार्यक्रमहरू सञ्चालन गर्ने नीति कार्यक्रममा उल्लेख छ। साथै गाउँपालिकाको गत आर्थिक वर्ष २०७८/७९ मा सार्वजनिक गरेको एक घर एक दुधालु गाई, दीर्घ रोगी नागरिकलाई उपचार खर्च उपलब्ध गराउने, दुःखको साथी, भरोसा राखौं गाउँपालिका माथिलगायतका कार्यक्रमहरूलाई निरन्तरता दिईएको छ।

# विपद् व्यवस्थापनमा
# सक्रिय जनप्रतिनिधि







बर्षासंगै खोला नदीका बस्तीहरुमा जोखिम बढेपछि नागरिकहरुको सबैभन्दा नजिकको सरकारका रुपमा रहेको स्थानीय सरकार पर्न आउन सक्ने विपद व्यवस्थापनमा जुटेका छन। झापामा नै खोलानदीको कटान र डुबानको उच्च जोखिममा रहेको गौरीगञ्ज गाउँपालिकाले खोला नदीमा आएको बाढीका कारण आउन सक्ने विपदको व्यवस्थापन अन्तर्गत कटान जोखिम न्यूनिकरणका लागि तटबन्धन , राहत तथा उद्धारको पूर्व तयारीमा रहेको गाउँपालिका उपाध्यक्ष पुजन न्यौपाने कुँवरले बताउनु भयो।

गौरीगञ्ज गाउँपालिकामा कन्काई, कमल बनियानी , सानो कमल, गौरीया लगायतका ७ वटा खोलाले बर्षेनी क्षति पुऱ्याउँदै आएको छ । गाउँपालिका अध्यक्ष फुलवती राजवंशी प्राकृतिक रुपमा ठगिएको यो गाउँपालिकाको बिकास र समृद्धीका लागि स्थानीय बजेट पर्याप्त हुन नसक्ने भएकाले यस क्षेत्रबाट माथिल्लो तहका प्रदेश र संघीय संसदमा प्रतिनिधित्व गर्ने माननीयहरुले विशेष ध्यान पुरयाउनु पर्ने बताउनु भयो । उहाँले दशकौंदेखि उत्पीडनमा परेको गौरीगञ्ज र गौरीगञ्जबासीका समस्याको दिगो समाधानका लागि माथिल्लो तहका सरकारले प्राथमिकता दिनुपर्ने बताउनु भयो। उहाँले आफनो तर्फबाट र स्थानीय सरकारको तर्फबाट त्यसका लागि कुनैपनि पहलकदमीमा कमी नहुने पनि प्रतिबद्धता जनाउनु भएको छ ।

# शिक्षा शाखावाट आ. व. २०७९।८० को प्रथम चौमासिकमा भएका कामहरू :

१) सवै विद्यालयहरुमा शिक्षा शाखाको उपस्थितिमा वि. व्य. स. गठन भएको।

२) दिवा खाजाको अघिल्लो आ. व. मा कायम रहेको वेरुजु रकम रु २२८८१०७ फर्स्यौट गरिएको।

३) विद्यालय अनुगमनको लागि विषय विज्ञ सहितको समुह निर्माण गरि अनुगमनलाइ योजनावद्य रुपमा अघि वढाइएको।

४) सबै इच्छुक महिला शिक्षकहरुलाइ नेल्टाको अंग्रेजि भाषा तालिममा सहभागि गराइएको।

५) गाउँपालिकासंग वालवालिका कार्यक्रम संचालन गरि अन्तरक्रिया गरिएको।

६) उत्कृष्ट विद्यार्थी तथा सेवानिवृत्त शिक्षक सम्मान कार्यक्रम संचालन।

७) माध्यमिक तह स्तरिय वक्तृत्वकला कार्यक्रम संचालन। (संस्थागत विद्यालय समेत)

८) विद्यालयको जग्गाको विवरण संकलन।

९) विद्यालयमा आ. व. २०७८।०७९ को आ. ले. प. का लागि लेखापरिक्षक छनौट गरि पठाइएको।

१०) दलित, अपाङ्ग, सिमान्तकृत लगायतका विद्यार्थिहरुको विवरण तयार गरिएको।

## शैक्षिक सत्र २०७९ का लागि पाठ्यपुस्तक निकासाकोविद्यालयगत विवरण

| क.सं. | विद्यालयको नाम | जम्मा रकम | ७५ % प्रतिशत | खर्च भएको रकम | निकासा हुने रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | गौरिगञ्ज मा.वि. गौरिगञ्ज -३ | 669353.2 | 502014.9 | 774238 | 272223.1 | |
| २ | खजुरगाछि मा.वि. गौरिगञ्ज - ६ | 589876.9 | 442407.675 | 768843 | 326435.325 | |
| ३ | आदर्श मा.वि. गौरिगञ्ज - २ | 400491.7 | 300368.775 | 536451.75 | 236082.975 | 12 कक्षा थप |
| ४ | वालकल्याण मा.वि. गौरिगञ्ज - १ | 371022.3 | 278266.725 | 459819 | 181552.275 | |
| ५ | जनता आ.वि. गौरिगञ्ज - २ | 103247.5 | 77435.625 | 130441.8 | 53006.175 | |
| ६ | जनकल्याण आ.वि. गौरिगञ्ज - १ | 121533.5 | 91150.125 | 100853 | 9702.875 | |
| ७ | रामजानकी आ.वि. गौरिगञ्ज - १ | 141058.8 | 105794.1 | 126809.6 | 21015.5 | |
| ८ | गौरिगञ्ज प्रा.वि. गौरिगञ्ज - ३ | 80143.7 | 60107.775 | 71639.2 | 11531.425 | |
| ९ | गौरि प्रा.वि. गौरिगञ्ज - ३ | 60969 | 45726.75 | 60653.6 | 14926.85 | |
| १० | राष्ट्रिय प्रा.वि. गौरिगञ्ज - ४ | 66962.7 | 50222.025 | 66859.8 | 16637.775 | |
| ११ | सरस्वति प्रा.वि. गौरिगञ्ज - ४ | 33024.9 | 24768.675 | 33095 | 8326.325 | |
| १२ | वगुवा प्रा.वि. गौरिगञ्ज - ४ | 31916 | 23937 | 36496.2 | 12559.2 | |
| १३ | गौरिया प्रा.वि. गौरिगञ्ज - ४ | 41000 | 30750 | 45062 | 14312 | |
| १४ | आदर्श प्रा.वि. गौरिगञ्ज - ५ | 39488 | 29616 | 52687.4 | 23071.4 | |
| १५ | जनता प्रा.वि. गौरिगञ्ज - ५ | 46608.5 | 34956.375 | 42785.8 | 7829.425 | |
| १६ | जनता वाल विकास प्रा.वि. गौरिगञ्ज - ५ | 64079.7 | 48059.775 | 61224 | 13164.225 | |
| १७ | भगवति प्रा.वि. गौरिगञ्ज -६ | 62033.1 | 46524.825 | 48713 | 2188.175 | |
| १८ | राष्ट्रिय प्रा.वि. गौरिगञ्ज - ६ | 79156.3 | 59367.225 | 84460.8 | 25093.575 | |
| १९ | चिल्हारा प्रा.वि. गौरिगञ्ज - ५ | 31548 | 23661 | 31650 | 7989 | |
| २० | शिशुकल्याण प्रा.वि. गौरिगञ्ज - ५ | 53722.6 | 40291.95 | 48472.6 | 8180.65 | |
| २१ | आधारभुत जनकल्याण प्रा.वि. गौरिगञ्ज - २ | 69614 | 52210.5 | 66300.6 | 14090.1 | |
| २२ | आमगाछि प्रा.वि. गौरिगञ्ज - २ | 41760.6 | 31320.45 | 39599 | 8278.55 | |
| २३ | पृथ्विनारायण प्रा.वि. गौरिगञ्ज - १ | 31436.4 | 23577.3 | 23577.3 | 7859.1 | |
| २४ | इन्द्रेणि प्रा.वि. गौरिगञ्ज - १ | 39535 | 29651.25 | 29651.25 | 9883.75 | |
| २५ | तारा प्रा.वि. गौरिगञ्ज - ५ | 38239.6 | 28679.7 | 42473.2 | 13794 | |
| २६ | भवानि प्रा.वि. गौरिगञ्ज - ४ | 4857.6 | 3643.2 | 0 | 0 | |
| | | 3312679.6 | 2484509.7 | 3782856.9 | 1319733.75 | |

११) प्रथम त्रैमासिक परिक्षा संचालन गराइ उपलव्धि समिक्षा गरिएको।

१२) मासिक रुपमा प्र. अ. वैठक आयोजना गरिएको।

१३) सिकाइ आदानप्रदान (शैक्षिक अवलोकन भ्रमण) कार्यक्रम संचालन गरिएको।

१४) दिवा खाजाको पहिलो चौमासिकका लागि आवस्यक पर्ने रकम निकासा गरिएको।

१५) विद्यालय वाहिर रहेका अपाङ्ग वालवालिकाको विवरण संकलन गरिएको।

# शैक्षिक सत्र २०७९ का लागि पाठ्यपुस्तक निकासा विवरण :

| क.सं. | विद्यालयको नाम | जम्मा रकम | ७५% प्रतिशत | खर्च भएको रकम | निकासा हुने रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | गौरिगञ्ज मा.वि. गौरिगञ्ज -३ | 669353.2 | 502014.9 | 774238 | 272223.1 | |
| २ | खजुरगाछि मा.वि. गौरिगञ्ज - ६ | 589876.9 | 442407.675 | 768843 | 326435.325 | |
| ३ | आदर्श मा.वि. गौरिगञ्ज - २ | 400491.7 | 300368.775 | 536451.75 | 236082.975 | 12 कक्षा थप |
| ४ | बालकल्याण मा.वि. गौरिगञ्ज - १ | 371022.3 | 278266.725 | 459819 | 181552.275 | |
| ५ | जनता आ.वि. गौरिगञ्ज - २ | 103247.5 | 77435.625 | 130441.8 | 53006.175 | |
| ६ | जनकल्याण आ.वि. गौरिगञ्ज - १ | 121533.5 | 91150.125 | 100853 | 9702.875 | |
| ७ | रामजानकी आ.वि. गौरिगञ्ज - १ | 141058.8 | 105794.1 | 126809.6 | 21015.5 | |
| ८ | गौरिगञ्ज प्रा.वि. गौरिगञ्ज - ३ | 80143.7 | 60107.775 | 71639.2 | 11531.425 | |
| ९ | गौरि प्रा.वि. गौरिगञ्ज - ३ | 60969 | 45726.75 | 60653.6 | 14926.85 | |
| १० | राष्ट्रिय प्रा.वि. गौरिगञ्ज - ४ | 66962.7 | 50222.025 | 66859.8 | 16637.775 | |
| ११ | सरस्वति प्रा.वि. गौरिगञ्ज - ४ | 33024.9 | 24768.675 | 33095 | 8326.325 | |
| १२ | बगुवा प्रा.वि. गौरिगञ्ज - ४ | 31916 | 23937 | 36496.2 | 12559.2 | |
| १३ | गौरिया प्रा.वि. गौरिगञ्ज - ४ | 41000 | 30750 | 45062 | 14312 | |
| १४ | आदर्श प्रा.वि. गौरिगञ्ज - ५ | 39488 | 29616 | 52687.4 | 23071.4 | |
| १५ | जनता प्रा.वि. गौरिगञ्ज - ५ | 46608.5 | 34956.375 | 42785.8 | 7829.425 | |
| १६ | जनता बाल विकास प्रा.वि. गौरिगञ्ज - ५ | 64079.7 | 48059.775 | 61224 | 13164.225 | |
| १७ | भगवति प्रा.वि. गौरिगञ्ज -६ | 62033.1 | 46524.825 | 48713 | 2188.175 | |
| १८ | राष्ट्रिय प्रा.वि. गौरिगञ्ज - ६ | 79156.3 | 59367.225 | 84460.8 | 25093.575 | |
| १९ | चिल्हारा प्रा.वि. गौरिगञ्ज - ५ | 31548 | 23661 | 31650 | 7989 | |
| २० | शिशुकल्याण प्रा.वि. गौरिगञ्ज - ५ | 53722.6 | 40291.95 | 48472.6 | 8180.65 | |
| २१ | आधारभुत जनकल्याण प्रा.वि. गौरिगञ्ज - २ | 69614 | 52210.5 | 66300.6 | 14090.1 | |
| २२ | आमगाछि प्रा.वि. गौरिगञ्ज - २ | 41760.6 | 31320.45 | 39599 | 8278.55 | |
| २३ | पृथ्विनारायण प्रा.वि. गौरिगञ्ज - १ | 31436.4 | 23577.3 | 23577.3 | 7859.1 | |
| २४ | इन्द्रेणि प्रा.वि. गौरिगञ्ज - १ | 39535 | 29651.25 | 29651.25 | 9883.75 | |
| २५ | तारा प्रा.वि. गौरिगञ्ज - ५ | 38239.6 | 28679.7 | 42473.2 | 13794 | |
| २६ | भवानि प्रा.वि. गौरिगञ्ज - ४ | 4857.6 | 3643.2 | 0 | 0 | |
| | | 3312679.6 | 2484509.7 | 3782856.9 | 1319733.75 | |

# गौरीगञ्ज गाउँपालिका झापा
# भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी कार्यविधि, २०७९
# गाउँकार्यपालिकाको बैठकबाट स्वीकृति मिति : २०७९/०८/२१

खण्ड- ६ संख्या- ४ मिति : २१ मंसिर, २०७९ साल

भू-उपयोग ऐन,२०७६ तथा भू-उपयोग नियमावली, २०७९ को मापदण्ड तथा आधारहरुका अतिरिक्त देहायअनुसार यस गौरीगञ्ज गाउँपालिका क्षेत्रको जग्गालाई भू-उपयोग क्षेत्रमा वर्गीकरण गरिने प्रयोजनको लागि भू-उपयोग ऐन, २०७६ को दफा (५) को उपदफा (४) बमोजिम भू-उपयोग क्षेत्र नक्सालाई अध्यावधिक गर्न यो कार्यविधि र आधार जारी गरिएको छ ।

१. हालको उपयोगमा रहेको जग्गालाई यस मापदण्डमा उल्लेख भएकोमा बाहेक नापी विभागबाट वर्गीकृत क्षेत्रमा नै वर्गीकरण गर्ने ।

२. जोखिमलगायत अन्य संवेदनशील तथा मध्यवर्ती क्षेत्रको जग्गालाई नापी विभागबाट वर्गीकृत क्षेत्रमा वर्गीकरण गर्ने ।

३. यस अघि नापी विभागबाट आवासीय, व्यवसायीक र औधोगिक क्षेत्रमा विभाजन भएको जग्गालाई सोही क्षेत्रमा वर्गीकरण गर्ने तर गाउँपालिकाले आवश्यकता र उपर्युक्त देखेमा आवसीय क्षेत्रलाई व्यवसायीक क्षेत्रमा अध्यावधिक गर्न सकिने छ ।

४. सरकारी, सार्वजनिक तथा सामुदायिक प्रयोजनका लागि प्रयोग हुने जग्गा (सेवा प्रदान गर्ने सरकारी कार्यालय बाहेक) लाई सार्वजनिक उपयोगमा वर्गीकरण गर्ने ।

५. हाल उपयोगमा रहेको नदीनाला, ताल, तलैया, पोखरी (व्यक्तिको निजी पोखरी बाहेक) लगायतका पानीजन्य उपयोगमा रहेका क्षेत्रलाई नदी, खोला, ताल तथा सिमसार क्षेत्रमा वर्गीकरण गर्ने ।

६. स्थानीय तहबाट स्वीकृत प्राप्त गरी खानी तथा खनिजजन्य पदार्थहरु जस्तै-ढुंगा, गिट्टी, बालुवा उत्खनन् गर्ने क्षेत्रलाई खानी तथा खनिज क्षेत्रमा वर्गीकरण गर्ने ।

७. हाल कायम सबै किसिमका वन पैदावर क्षेत्र ( निजी जग्गामा भएको बाहेक) लाई वन क्षेत्रमा वर्गीकरण गर्ने ।

८. हाल उपयोगमा रहेका मठमन्दिर, मस्जिद, गुम्बा, चर्च लगायत धार्मिक क्षेत्रले चर्चेका खाली जग्गा, परापूर्वकालदेखिका ऐतिहासिक धरोहर, साँस्कृतिक तथा पुरातात्विक महत्वका क्षेत्रहरुलाई साँस्कृतिक तथा पुरातात्विक क्षेत्रमा वर्गीकरण गर्ने ।

खण्ड- ६ संख्या- ४ मिति : २१ मंसिर, २०७९ साल

९. गाउँपालिका क्षेत्रमा नेपाल सरकार उद्योग मन्त्रालयबाट स्वीकृत औद्योगिकग्राम संचालन सम्बन्धी कार्यविधि "२०७५" बमोजिम कम्तिमा एक वटा औद्योगिकग्राम क्षेत्र निर्धारण गरी औद्योगिक क्षेत्रमा वर्गीकरण गर्ने ।

१०. हाल चलनचल्तिमा उपयोग भईरहेको पसल, बैंक, तथा वित्तिय संस्था, होटल, रेस्टुरेन्ट, हाटबजार लाग्ने स्थल, चमेनागृह, खाजा/फास्टफुड घर, व्यसायीक प्रायोजनका लागि उपयोग गर्ने स्टोरेज क्षेत्र, सेवाप्रदायक सरकारी कार्यालय र सो ले चर्चेका खाली जग्गा, निजी क्षेत्रबाट संचालित अन्य कार्यालयहरु र सो ले चर्चेका जग्गा, निजी क्षेत्रबाट संचालन भएका अस्पताल, विद्यालय, क्याम्पस, नर्सिङहोम, पोलिक्लिनिक, रेडियो, टेलिभिजन, वोर्डकास्टिङ्ग संस्था, ईन्टरनेट सेवाप्रदायक संस्था लगायतलाई व्यसायिक क्षेत्रमा वर्गीकरण गर्ने ।

११. सरकारी कार्यालय बाहेकको स्थान र सम्भावित बजार क्षेत्रमा मुख्य चौकबाट १०० मिटरको परिधिसम्म सडकसँग जोडिएका कित्ताको क्षेत्रलाई व्यावसायिक क्षेत्रमा विभाजन गर्ने र सो को लम्बवत (PERPENDICULAR) १०० मिटरको क्षेत्रलाई आवसीय क्षेत्रमा वर्गिकरण गर्ने ।

१२. हाल उपयोगमा रहेको आवासीय क्षेत्रको १०० मिटरको परिधीमा रही तपसिल बमोजिम मापदण्ड अनुसारका क्षेत्रलाई आवासीय क्षेत्रमा वर्गीकरण गर्ने ।

क) मुख्य लोकमार्ग/हुलाकी राजमार्ग र सहायक लोकमार्ग/हुलाकी राजमार्गसँग जोडिने सहायक सडकको अधिकारक्षेत्रबाट १०० मिटरको दूरीमा रहेको दाँया-बायाँको जग्गा ।

ख) जिल्ला सडक, शहरी सडक लगायत १० मिटरभन्दा बढी चौडाई भएका सडकको किनारा देखि ९० मिटरको दूरीमा रहेको दाँयावाँयाको जग्गा ।

ग) ६ मिटरभन्दा बढी १० मिटर भन्दा कम चौडाई भएका सडक किनारदेखि ८० मिटरको दूरीमा रहेको दाँयावाँयाको जग्गा ।

घ) ४ मिटरभन्दा बढी र ६ मिटर भन्दा कम चौडाई भएका सडक किनारादेखि ७० मिटरको दूरीमा रहेको दाँयावाँयाको जग्गा ।

ङ) माथि उल्लेखित सडकभन्दा बाहेकका सडकको चौडाई भएका सडकको किनारदेखि ६०

खण्ड- ६ संख्या- ४ मिति : २१ मंसिर, २०७९ साल

मिटरको दूरीमा रहेको दाँयाबाँयाको जग्गा ।

च) हाल आवासीय प्रयोजनमा रहेको घरजग्गा ।

१३. क्रमसंख्या (१) देखि (१३) बाहेकका क्षेत्रलाई कृषि क्षेत्रमा वर्गीकरण गर्ने ।

१४. हाल चलनचल्तीमा बाटो रहेको तर नक्सामा बाटो नभएका जग्गाहरुको हकमा समेत बाटो भए बमोजिम वर्गीकरण गर्ने । पछि बन्ने बाटोको हकमा आवश्यकताका आधारमा अध्यावधिक गर्दै जाने ।

१५. माथि उल्लेखित बुँदाहरुमा राखिएको प्रावधानहरु बाझिन गएमा भू-उपयोग ऐन, २०७६ तथा भू-उपयोग नियमावली, २०७९ बमोजिम वर्गीकरण गर्ने ।

१६. कुनै कित्ता दुई वा दुई भन्दा बढी क्षेत्रमा परेको खण्डमा निम्न प्राथमिकताको क्रम बमोजिम कुनै एक क्षेत्रमा वर्गीकरण गर्ने ।

क) व्यवसायीक क्षेत्र

ख) आवसीय क्षेत्र

ग) औद्योगिक क्षेत्र

घ) कृषि क्षेत्र

ङ) सार्वजनिक क्षेत्र

आज्ञाले
मणिराम खतिवडा
प्रमुख प्रशासकीय अधिकृत




# गाउँपालिकाद्वारा लैंगिक हिंसा विरुद्ध जनचेतनामुलक कार्यक्रम

गौरगञ्जमा सभ्य समाजको पहिचान: लैगिंक हिंसा विरुद्धको अभियान भन्ने मूल नारासहित लैगिंक हिंसाको १६ दिने अभियान अन्तर्गत गाउँपालिकाले जनचेतनायुक्त कार्यक्रमहरु सम्पन्न गरेको छ । मंसिर ९ गते देखि सुरु भएको ३१ औं लैगिंक हिंसाको अभियान मंसिर २४ मा समापन भएको हो । अभियानको पहिलो दिन सहभागीहरुले गौरीगञ्ज बजार परिक्रमा गरि जनचेतनामुलक र्‍याली निकालेका थिए । गौरीगंज गाउँपालिकाले ईलाका प्रहरी कार्यालय गौरीगंज र राष्ट्रिय महिला सशक्तीकरण गौरीगंजको सहयोगमा लैगिंक हिंसा सम्बन्धि जनचेतना फैलाउने उद्धेश्यले लैगिंक हिंसा विरूद्वको विभिन्न नारासहित र्‍याली निकालेको हो ।

गौरीगंज गाउँपालिकाकी अध्यक्ष फूलवती राजवंशीको अध्यक्षतामा भएको समापन कार्यक्रममा उपाध्यक्ष पुजन न्यौपाने कुवँर, प्रमुख प्रशासकिय अधिकृत मणिराम खतिवडा, वार्ड नं ३ का अध्यक्ष श्रवण गिरी, कार्यपालिका सदस्य राधा अधिकारी, ईलाका प्रशासन कार्यालय गौरीगंजका प्रमुख चुडामणी आँपगाई, ईलाका प्रहरी कार्यालय गौरीगंजका प्रहरी निरीक्षक जितेश दाहाल, राष्ट्रिय महिला सशक्तीकरण गौरीगंजकी अध्यक्ष नौताली राजवंशी, एसएन जेडीकी प्रतिनिधि रिता दाहाललगायतले मन्तव्य राख्नु भएको थियो । गौरीगंज गाउँपालिकाले लैगिंक हिंसा विरूद्वको अभियानलाई कसरी प्रभावकारी बनाउने र अन्त्य गर्ने भन्ने विषयमा सोच्नु पर्ने बक्त्ताहरू बताएका थिए । गाउँपालिका अध्यक्ष राजवंशीले महिला पुरूषको बराबर सम्मान गर्दै गाउँपालिकाले गाउँपालिकाको न्यायिक समिति मार्फत पक्षपातरहित न्याय दिलाउने बताउनु भयो ।

हाम्रो समाज पुरूष प्रधान भए पनि महिलाको न्यायको लागि जहिल्यै सकारात्मक रहने बताउदै घरबाटै छोरा र छोरीको भेदभावको अन्त्य गर्नु पर्ने अध्यक्ष राजवंशीले बताउनु भयो । छोरा बराबरको हक छोरीको पनि लाग्ने बताउँदै समतामुलक समाजको निर्माणका लागि हामी आफैबाट शुरूवात गर्नु पर्ने अध्यक्ष राजवंशीले बताउनु भयो ।

महिला हिंसा विरूद्धको कार्यक्रमका लागि तालिम होस् वा हिंसामा परेका महिलाहरूको न्यायका लागि होस् वा जिविकोपार्जनका लागि होस् त्यसका लागि आवशयक बजेटको व्यवस्था गाउँपालिकाले गर्ने अध्यक्ष राजवंशीको भनाई छ । उपाध्यक्ष न्यौपानेले गाउँ देहातमा लैगिक हिंसा विरूद्व अझै पनि जनचेतना फैलाउन नसकिदा हिंसा सहेरै बसेका घटनाहरु धेरै भएको तर्फ गाउँपालिकाले विशेष ध्यान दिने उल्लेख गर्नु भयो । महिला हिंसा, यौन हिंसालगायत घरेलु हिंसा सम्बन्धि कुनै पनि घटना भए गाउँपालिकाको न्यायिक समितिमा निवेदन दिन उपाध्यक्ष न्यौपानेले आव्हान गरिन ।

गौरीगंज गाउँपालिका वार्ड नं. ३ का वडा अध्यक्ष श्रवण गिरीले लैगिंक हिंसा विरूद्व कुनै घटना भए खुलेर सम्बन्धि निकायमा सुचना दिन आग्रह गर्नुभयो । गाउँपालिकाले महिला हिंसा सम्बन्धि कार्यक्रम शहरमा मात्र होईन गाउँ गाउँमा देहात बस्तीमा कार्यक्रम गर्न आग्रह गर्दै त्यसको कार्यान्वयनमा आफू लागी पर्ने कार्यपालिका सदस्य राधा अधिकारीले बताउनु भयो । राष्ट्रिय महिला सशक्तीकरण गौरीगंजकी अध्यक्ष नौताली राजवंशीले गौरीगंजमा नेपाल राष्ट्रिय महिला सशक्तीकरणले विभिन्न समुहहरू गठन गरी लैगिंक हिंसा विरूद्वको अभियानमा काम गरिरहेको बताउनु भयो ।

गाउँपालिकाले यस संस्थालाई आवश्यक वजेटको व्यवस्था गरेमा संस्थाले विभिन्न जनचेतना कार्यक्रम, तालिम र हिंसा विरूद्वको कार्यक्रम गर्ने उहाँको भनाई थियो ।

## के हो लैगिक हिंसा ?

लैङ्गिक आधारमा शारीरिक, मानसिक, सामाजिक साँस्कृतिक, आर्थिक तथा यौनिक रुपमा असर पर्ने गरि हुने हिंसालाई लैङ्गिकतामा आधारित हिंसा भनिन्छ। स्रोत, साधन, अवसर, जिम्मेवारि तथा हक, अधिकारको असमान वितरण, सानो उमेरमा वा बालविवाह, महिलालाई घरमा मात्र सिमित राख्नु, महिलाको कामको मूल्याङ्कन नगरिनु जस्ता लिङ्गको आधारमा हुने हिंसाहरू यस अन्तर्गत पर्दछ ।साथै, लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्ने सम्बन्धमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७१ अनुसार “लैङ्गिक हिंसा” भन्नाले सार्वजनिक वा निजी जीवनमा लैङ्गिक आधारमा कसै प्रति शारीरिक, यौनजन्य वा मानसिक क्षति वा पीडा पुर्‍याउने कार्य सम्झनु पर्छ र सो शब्दले लैङ्गिक आधारमा हुने वा हुन सक्ने कुनै पनि प्रकारको अपमानजन्य, पीडाजन्य वा धम्कीपूर्ण व्यवहार, दवाव, करकाप वा स्वेच्छाचारी रुपमा महिलालाई स्वतन्त्रताको उपभोग गर्नबाट वञ्चित गर्ने कुनै कार्य समेतलाई जनाउँछ।

## यौनिक वा यौन हिंसा

काम गर्ने स्थान, अध्ययन-अध्यापन गर्ने स्थान, सार्वजनिक यातायात वा अन्य सार्वजनिक स्थानमा, घरभित्र वा जुनसुकै स्थानमा गरिने बलात्कार, बलात्कारको प्रयास, यौन दुर्व्यवहार, यौनशोषण, जबरजस्ती संवेदनशील अगंहरु छुने वा छुवाउने जबरजस्ती वा झुक्याएर यौन चित्र फोटो वा फिल्म देखाउने वा जबरजस्ती संवेदनशील चित्र, फोटो वा फिल्म खिच्ने, यौनजन्य कुराकानी वा शब्दहरूको प्रयोग गर्ने वा यस्तै प्रकारका अन्य घटनाहरू यौनिक हिंसा भित्र पर्दछन् । यौनिक हिंसाको धेरै जसो घटनाहरू चिनेजानेकै व्यक्तिहरूबाट हुने गरेको तथ्याङ्कले देखाउँछ।

## आर्थिक हिंसा

सगोल वा निजि सम्पतीको प्रयोग गर्न वा रोजगारी वा आर्थिक श्रोत साधनको पहुंच वा प्रयोगमा बञ्चित गर्ने कार्यलाई जनाउँदछ।

## शारिरीक हिंसा

कुटपिट, जबरजस्ती, गर्भपतन गर्न लगाउनु, महिलालाई कामको बोझ थपेर दुःख दिनु वा शारीरिक रुपमा घाउ, चोटपटक वा क्षति पुग्ने गरि गरिने कुनै पनि प्रकारका हिंसा यस अन्तर्गत पर्दछन् ।

**मानसिक हिंसा** : शारीरिक यातनाको डर, धाक, धम्की दिने, त्रासपूर्ण व्यवहार गर्ने, गालीगलौच गर्ने, अपशब्द बोल्ने, अरुका अगाडि होच्याउने, तिरस्कार गर्ने, झुठा बात लगाउने, घरबाट निकाला गर्ने, इच्छा विपरित काम गर्न लगाउने साथै बैचारिक, धार्मिक, साँस्कृतिक तथा परम्पराका आधारमा गरिने भेदभावलाई समेत जनाउँदछ।

**सामाजिक साँस्कृतिक हिंसा** : सामाजिक संस्कार, धर्म परम्परा वा रीतिरिवाजका आधारमा गर्ने हिंसाहरु जस्तै बालविवाह, बोक्सिको आरोप, झुमा, देउकी, वादी, बोक्सी, बहुविवाह, सुत्केरी तथा रजस्वलाको समयमा गरिने छुवाछुतको व्यवहार वा छाउपडि इत्यादि सामाजिक साँस्कृतिक हिंसा भित्र पर्दछन्।

# २ नं. वडाबाट खेलकुद सामग्री वितरण




गौरीगञ्ज गाउँपालिका वडा नं. २ ले वडा भित्रका स्थानीय क्लब , संघ संस्था र खेलाडीलाई खेलकुद सामग्री वितरण गरेको छ । १ लाख रूपैयाँ सिलिङ बजेटबाट खेलकुद सामग्री वितरण गरिएको वडा अध्यक्ष किनालाल राजवंशीले जानकारी दिनुभयो । कार्यक्रममा फुटबल, भलिवल, नेटलगायतका खेलकुद सामग्रीहरू वितरण गरिएको थियो । सो अवसरमा वडा सदस्यहरू नेत्र बहादुर राजवंशी, लोकेन्द्र ताजपुरिया, रिता तामाङ र रेङ्कुदेवी राम लगायतको सहभागिता रहेको वडा सचिव अजय साहले जानकारी दिनुभयो।

# स्वंयसेविकाहरुको योगदानको प्रशंसा गर्दै सम्मान



गौरीगञ्ज गाउँपालिकाले १९औं महिला सामुदायिक स्वयमसेबिका दिवसको अबसरमा गौरीगञ्ज गाउपालिकाले ६ जना उत्कृष्ट महिला स्वयम् सेबिकाहरुलाइ सम्मान गरेको छ । १९ मसिंरमा गाउँपालिकाको सभाहलमा एक औपचारिक कार्यक्रमको आयोजना गरि ६ जना उत्कृष्ट स्वयम् सेबिकाहरुलाइ सम्मानित गरिएको हो । गत बर्षको कार्य दक्षताको मुल्याङकनको आधारमा वडा नं. १ की इन्द्रवत्ती राजवंशी, वडा नं. २ की भद्रा राजवंशी, वडा नं. ३ की बच्ची राजवंशी, वडा नं. ४ की रुकमणी राजवंशी, वडा नं. ५ की फुलकुमारी राजवंशी र वडा नं. ६ की चन्द्रकला कार्की सम्मानित हुनुभएको हो ।

गत बर्षको कार्य दक्षताको मुल्याङ्कनको आधारमा उनीहरुलाई सम्मानपत्र र दोसल्ला औढाएर सम्मान गरिएकोस्वास्थ्य शाखा गौरीगञ्जका प्रमुख रामचन्द्र मिश्रले बताउनु भयो । कार्यक्रममा गाउँपालिकाकी अध्यक्ष फुलबती राजवंशीले गाउँ- गाउँमा स्वास्थ्य स्वयम् सेबिकाहरुको योगदानको प्रसँसा गर्दै स्वास्थ्य स्वयम् सेबिकाहरुले आफ्नो कर्तब्य भुल्न नहुने बताउनु भयो । त्यसै गरि उपाध्यक्ष पुजन न्यौपाने कुँवरले स्वास्थ्य स्वयम् सेबिकाहरूले अति न्युन सेवा सुबिधामा पनि उत्कृष्ट स्वास्थ्य सेवा दिइरहेको भन्दै प्रशंसा गर्नुभयो ।

कार्यक्रममा कार्यपालिका सदस्य राधा अधिकारी, प्रमुख प्रसाशकीय अधिकृत मणिराम खतिवडा, स्वास्थ्य शाखा प्रमुख मिश्र एनएलएफका कार्यक्रम सँयोजक डिबि गुरुङ, नेफेजका प्रतिनिधि अनुपा अधिकारी, आधारभुत अस्पतालका प्रमुख अनुप सेढाइ लगायतको उपस्थिती रहेको थियो ।

**व्यक्तिगत घटना जन्म मृत्यु बसाई सराई,**
**विवाह सम्बन्ध विच्छेद तोकिएको समय ३५ दिन भित्रमा दर्ता गरौं ।**

# रंगियाथानमा प्रहरी चौकी स्थापनाको पहल



गौरीगञ्ज गाउँपालिका वडा नं. १ र शिबसताक्षी वडा नं ४ को सीमामा रहेको रँगियाथान बजारमा अस्थायी प्रहरी चौको स्थापनाका लागि स्थानीय सरकारले पहल थालेको छ। असुरक्षाका कारण सो बजार दिनदिनै सुक्न थालेपिछी सो स्थानमा प्रहरी चौकी स्थापनाका लागि गौरीगञ्ज गाउँपालिका वडा नं. १ का वडाध्यक्ष कार्तिकलाल राजवँशीको अगुवाइमा झापाका प्रमुख जिल्ला अधिकारी छबिलाल रिजाल र झापा प्रहरी प्रमुख दुर्गाराज रेग्मीलाइ ज्ञापन पत्र बुझाइएको छ।

अस्थायी प्रहरी चौकीका लागि धेरै ठाउँबाट माग आइरहेकोमा सुरक्षा निकायहरुसँगको छलफल पछी आवश्यक स्थानहरुमा अस्थायी प्रहरी चौकीको ब्यवस्था गरिने कुरा प्रमुख जिल्ला अधिकारी रिजालले बताउनु भयो । त्यसैगरि केहि समय पछी रँगियाथान बजारमा सरोकारवालाहरु सहितको स्थलगत निरिक्षण गरि अस्थायी प्रहरी चौकीको आवश्यक्ताको अध्ययन गरिने झापा प्रहरी प्रमुख रेग्मीले बताउनु भयो।

- **गाउँपालिका तथा वडा कार्यालयलाई बुझाउने कर, दस्तुर, मालपोतलगायत अन्य राजस्वहरु समयमै बुझाइ जरिवानाबाट बचौं ।**
- **घरहरु निर्माण गर्दा वस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड नयाँ बमोजिम गरौं ।**




# खजुरगाछी बजारमा पक्की ढल

गौरीगंज गाउँपालिका वार्ड नं. ६ स्थित खजुरगाछी बजारमा पक्की ढल निर्माण हुँदैछ । संघीय सरकारको ४० लाख रूपैयाँ र गाउँपालिकाको ४९ लाख रूपैयाँको साझेदारी लागतमा ढल निर्माण भईरहेको हो । गौरीगंज गाउँपालिका वाड नं. ६ खजुरगाछी अन्तर्गत सतिशदासको घरदेखि उतर कृष्ण उप्रेतीको घरसम्म र नयाँलाल राजवंशीको घर देखि पूर्व तुफानी घरसम्मको करिब ११ सय मिटर लम्बाई ढल निर्माण भईरहेको वाड नं. ६ का वडाअध्यक्ष बद्री नारायण यादवले जानकारी दिनुभयो । बर्षात्को समयमा पानी निकास नभई घर आगनमा पानी पस्ने, हिड्डुल गर्न समस्या हुने र पानी जम्मा भई दुर्गन्धित हुने भएकोले स्थानियको माग बमोजिम ढल निर्माण गर्न लागिएको वार्ड अध्यक्ष यादवले बताउनुभयो । त्यसैगरी बाटोमा ढल निर्माण भई उच्चस्तरीय बाटो निर्माण भईसकेको पर्वत राजवंशीको घरदेखि कृष्ण उप्रेतीको घरसम्म क्रमागत निर्माण गर्ने योजना अनुरूप पिच निर्माणका लागि ३० लाख रूपैयाँ गाउँपालिका स्तरिय बजेटबाट थप रकम विनियोजन गरेको उहाँले बताउनुभयो ।



गौरीगञ्ज ६ मा भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुलाई जग्गाको निस्सा वितरण गर्दै भूमि आयोग झापाका अध्यक्ष तिलकसिंह पाण्डे साथमा गा.पा. अध्यक्ष फुलवती राजवंशी, उपाध्यक्ष पुजन न्यौपाने लगायत ।

# महिला नेतृत्व पाएको गौरीगञ्जमा न्यायिक समिति प्रभावकारी

स्थानीय तहमा क्रियाशील न्यायिक समितिको सेवा ग्रामिण क्षेत्रमा प्रभावकारी देखिएको छ। झापाको सुदुर दक्षिण पश्चीम क्षेत्रमा रहेको गौरीगञ्ज गाउँपालिकामा नयाँ जनप्रतिनिधिहरुले कार्यभार सम्हालेसंगै बनेको न्यायिक समितिमा परेका उजुरी तथा निवेदनहरुमाथि छानबिन गरी मेलमिलाप गराउने तथा विवाद समाधानको प्रयासले सार्थकता पाएको हो। न्यायिक समिति सदस्य समेत रहेका गाउँपालिका उपाध्यक्ष पुजन न्यौपाने कुँवरले न्यायिक समितिमा परेका अधिकांश उजुरी तथा निवेदनहरुमाथि तत्काल आवश्यक छानबिन गरी समाधान खोजिने गरेको बताइन्। अरु निकायमा जाने प्रकृया झण्झटिलो हुने र छानबिन तथा आवश्यक कारवाहीको कदम चाल्न समय लाग्ने भएकाले सर्वसाधारणको पहिलो रोजाइमा गाउँपालिकाको न्यायिक समितिनै परेको हुन सक्ने उपाध्यक्ष न्यौपानेको बुझाई छ।

गाउँपालिकाको न्यायिक समितिमा गएको स्थानीय तहको निर्वाचनपछि परेका ४६ वटा मुद्धा मध्ये पुषको तेस्रो साता सम्ममा आधा भन्दा धेरै २६ मुद्धा किनारा लगाइएको उपाध्यक्ष न्यौपानेले जानकारी दिइन। मिलाइएका मध्ये सबैभन्दा धेरै झैझगडा सम्बन्धिका १३ वटा मुद्धा रहेका छन । धेरैजसो घर परिवार, छरछिमेकका बीचमा ससाना निहुँमा झैझगडा भएको पाइन्छ- उनले भनिन । उनका अनुसार लेनदेन सम्बन्धिका ७ वटा र जग्गाको साँध सिमाना सम्बन्धि सँधियारहरुबीचको सिमाना विवादका ६ वटा मुद्धाको न्यायिक समितिको रोहबरमा भएको छलफलपछि समाधान गरिएको छ।

न्यायिक समितिमा परेका उजुरीहरुमाथि छानविन गरि समाधान खोज्नका लागि पालिकामा साताका तीन दिनको समय तोकिएको छ। प्रत्येक साताको आइतबार, सोमबार र मंगलबार न्यायिक समितिले निवेदक र प्रतिवादीबीच छलफल गराएर समाधान खोज्ने गरेको छ । गाउँपालिकाले अध्यक्ष फुलवती राजवंशीको संयोजकत्वमा न्यायिक समिति बनाएको छ।

अध्यक्ष र उपाध्यक्ष दुवै महिलालाई पाएका यो गाउँपालिका महिलामैत्री मात्रै नभएर सेवाग्राही तथा आम नागरिक मैत्री पालिकाका रुपमा अघि बढाइएको न्यायिक समिति सदस्य समेत रहनु भएका कार्यपालिका सदस्य गंगा राजवंशीले बताउनु भयो।

- **यस गापालाई पूर्ण दिशामुक्त क्षेत्र बनाउन तोकिएको मापदण्ड बमोजिम शौचालय निर्माण गरौं ।**
- **घर निर्माण गर्दा गाउँपालिकाबाट नक्शा पास स्वीकृति लिएर मात्र घर निर्माण गरौं**

# गौरीगञ्ज गाउँपालिका बाल संरक्षण समितिको काम, कर्तव्य र अधिकार

(क) गाउँपालिकामा विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिका तथा सबै बालबालिकाको तथ्यांक संकलन गर्ने, अद्यावधिक गर्ने र गाउँपालिकामा पेश गर्ने ।

“स्पष्टीकरण” विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिका भन्नाले (आमाबाब), अभिभावकविहीन (अनाथ) बालबालिका, अस्पताल वा अन्य कुनै सार्वजनिक स्थानमा अलपत्र अवस्थामा छाडिएका वा फेला परेका तथा बाबुआमाबाट अलग्गिएका वा बाबुआमा पत्ता नलागी बेवारिस भएका बालबालिका, बाबुआमालाई गम्भीर शारीरिक वा मानसिक अपाङ्गता वा अशक्तता भएको कारण उचित हेरचाह नपाएका बालबालिका, कानुनी विवादमा परेका बालबालिकामध्ये वैकल्पिक हेरचाहको लागि सिफारिस भएका बालबालिका, थुनामा रहेका वा बन्दी बाबु वा आमासँग आश्रित भई कारागारमा रहेका बालबालिका, जबरजस्ती करणीबाट जन्मिएको सन्तानलाई आफुले पालनपोषण गर्न नसक्ने भनी निवेदन परेका बालबालिका, बाबु, आमा वा अभिभावकबाट दुर्व्यवहार, हिंसा वा बेवास्ता भएको कारणले बालबालिकाको उच्चतम हितको लागि परिवारबाट अलग गरिएका बालबालिका, जबरजस्ती वा बँधुवा प्रकृतिका वा जोखिमपूर्ण वा निकृष्ट प्रकृतिको वा प्रचलित कानुन विपरीत श्रममा संलग्न वा धुम्रपान, मद्यपान एवं अन्य लागुऔषधको कुलतमा फसेका, एच.आई.भी. संक्रमित बालबालिका, गम्भीर शारीरिक वा मानसिक स्वास्थ्य समस्याका कारण जीवन जोखिममा रही बाबुआमा वा परिवारबाट उपचारको व्यवस्था हुन् नसकेको वा सामान्य जीवन यापन गर्न कठिनाइ भएका बालबालिका,बालबालिकाविरुद्धको हिंसा वा बालयौन दुर्व्यवहारबाट पीडित भएका वा त्यस्तो जोखिममा रहेका बालबालिका, सशस्त्र द्वन्द्व वा विपदका कारणले बाबुआमा दुबै वा आमाबाबुमध्ये एक गुमाएका वा आफैं नै शारीरिक वा मानसिक रूपमा घाइते भएका वा अपाङ्गता भएका बालबालिका, परित्यक्त तथा सडकमा आश्रित बालबालिका, कानुन बमोजिम तोकिएका अन्य बालबालिकालाई बुझाउनेछ

(ख) गाउँपालिकामा बालबालिकाको क्षेत्रमा कार्यरत संघ संस्था, बाल क्लब, मञ्च, समुह, बाल संरक्षण समिति, निगरानी समिति, मेलमिलाप केन्द्र, आपतकालिन संरक्षण केन्द्र लगायतका निकायहरुको फेहरिस्त तयार पार्ने र यस्ता निकायहरुसँग आवश्यक समन्वय, सहकार्य र साझेदारी गरी बाल अधिकारको संबर्द्धनात्मक र संरक्षणात्मक कार्यहरु गर्ने गराउने ।

(ग) बालबालिकाको क्षेत्रमा स्थानीय आवश्यकता पहिचान गरी संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारका विभिन्न निकायहरु र विकासका साझेदार संस्थासँगको समन्वयमा समुदायमा आधारित कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयन गराउन आवश्यक समन्वय गर्ने, बालबालिकासँग सम्बन्धित योजना तर्जुमा, कार्यक्रमको रेखदेख, अनुगमन, मुल्याङ्कन र निरीक्षण गर्ने ।

(घ) बालअधिकारको संरक्षण र संबर्द्धनका निमित्त चेतना अभिबृद्धि, जागरण सिर्जना गर्ने ।

**अत्याधिक ध्वनी प्रदुषणका कारण सर्वसाधारणको जन-जीवनमा असर पर्ने हुनाले यस कुरालाई मध्य नजर गर्दै यस गाउँपालिकाभित्र डिजे बाजा लगायतका अत्यधिक ध्वनी प्रदुषण हुने बाजाहरुको प्रयोग नगरी दिनुहुन अनुरोध गरिन्छ ।**

# पर्यटकीयस्थल चउनी पोखरी एक परिचय



झापा जिल्लाको दक्षिण पश्चिममा पर्ने गौरीगन्ज गाउँ पालिका वार्ड न. २, टटुवामारी (साबिक बमोजिम कोरोबारीको वार्ड नं ५) मा अवस्थित एक प्राकृतिक सिमसार हो चउनी पोखरी। वि.सं. २०२१ सालको नापीमा यसलाई जगुदह भनी छुट्याएको भए तापनि यहाँका आदिवासी राजबंशी जातिले यसलाई परम्परादेखि आफ्नै भाषामा चलिआएको नाम चउनीलाई नै प्रयोग गर्दै आइएको छ।

## पोखरीको अवस्थिति तथा क्षेत्रफल

यो चउनी पोखरी एक प्राकृतिक पोखरी भएकोले परापूर्व कालदेखि यस क्षेत्रको लागि पानीको मुख्य स्रोत बनेको छ। यस पोखरीको पश्चिमपट्टि धेरै पुरानो राजवंशी गाउँ टटुवमारी पर्छ भने पूर्वतर्फ नयाँ गाउँ (भालुखोप) पर्छ। दुबैतर्फ ठूला गाउँ भएको हुनाले खेती गर्नेको चाप बढेर यसको मौलिक क्षेत्रफलमा अतिक्रमित भइ सागुरिदै गएको छ। यसरी पोखरी मिचिदै जाँदा अहिले (नापी विभागको फायल म्याप अनुसार , साबिकको कोरोबारी ५ (क) कि.नं. १७२ अनुसार) करीब ४ बिघा (२.५ हेक्टर) जति मात्र बाँकी रहेको छ। यो पोखरीको आकार उत्तर-दक्षिण लाम्चो र पूर्व-पश्चिम चौडा छ। लम्बाई करीब ३६० मि. छ भने चौडाइ एकसमान नभएकाले औसत नापी ७० मि. जति पर्दछ।

## पोखरीको उपयोगिता

यस पोखरीको दक्षिणतर्फ साँगुरिएको भागमा बाँध बाँधी त्यही बाँधलाई पूर्व-पश्चिम लोकमार्गको केर्खा जोडने ठाडो बाटोको रुपमा प्रयोग गरिएको छ। यसको पश्चिम उत्तर किनाराबाट स्थानीय जनताले यसको निकासमा कल्भर्ट निर्माण गर्दै पैनी बनाई टटुवामारी गाउँबाट पश्चिम दक्षिण पर्ने निकै धेरै क्षेत्रफलमा सिँचाइ गर्न प्रयोग गरिएको छ।

स्थानीय सरकारले (पूर्व गाविस कोरोबारी) र हाल गौरीगञ्ज गाउँ पालिका)यस पोखरीलाई प्रति वर्ष माछा मार्न ठेक्कामा दिइ राजस्व असुल्ने गरेको छ । यसको अलावा यो पोखरी हिउँद याममा यस क्षेत्रका खुल्ला चर्ने चौपायाहरुको लागि मुख्य पानीघाटको रुपमा पनि प्रयोग गरिएको देखिन्छ।

## संटग्रस्त पर्यावरण र जैविक विविधता

करीब ५ दशक अघिसम्म यो पोखरी जैविक विविधताले भरिपूर्ण एक सीमसार पारिस्थितिक प्रणाली थियो । यसको आसपासमा ५० सौं प्रजातिका स्तनधारी, २०० भन्दा ज्यादा प्रजातिका चराचुरुंगी, १०० भन्दा धेर प्रजातिका सरीसृपहरु, ३० भन्दा बढी उभयचरहरु तथा ६० भन्दा बढी माछाका प्रजातिहरु पाइन्थे।
त्यसबेला यस पोखरीको पूर्बतर्फ साल सतिसाल, साज, हर्रो, बर्रो, खमारी, जामुन आदि मिश्रित घना जंगल थियो । यस पोखरीको पानी अहिलेको भन्दा पचासौ गुणा धेरै थियो तथा यसलाई वारपार गर्न डुंगाको प्रयोग गरिन्थ्यो। यस पोखरीले यस क्षेत्रको पर्यावरणलाई सुद्ध र सन्तुलित राख्दै मौसम ओशिलो बनाएको थियो। पोखरी र वनजंगलको कारणले गर्दा सधै मनसुनी वर्षा राम्रो हुने गरेकोले यस क्षेत्रको माटो रिचार्ज भइ धान खेती पर्याप्त हुन्थ्यो
तर यस्ता सबै प्राकृतिक स्रोतहरू सङ्कटग्रस्त भइ आजभोली लोप हुने अवस्थामा पुगेको छ।
यसका जैविक विविधताहरु पनि मानवीय अतिक्रमणको जोखिममा परेर हराउँदै गइ सकेका छन् । त्यस्तो घना वनको कुनै चिन्ह पनि छैन। विश्व सङ्कटग्रस्त संरक्षण सूचीमा परेका पंक्षीहरुमध्ये राजगरुड र भँडीफोर गरुड साथै सरीसृपका केही कछुवाका लोपवान् प्रजातिहरु-जस्तै इन्डोटेस्टुडो इलोङगेटा, नेल्सोनिया ह्यूरुम, लिसेमिज पङ्टाटम् आदि) अहिले देखा पर्दैनन् । तर यो पोखरी भने सुक्ने अवस्थामा पुगिसकेको छ। यसर्थ यस पोखरीको सिमसार क्षेत्रलाई तत्काल संरक्षण गर्न अति जरुरी छ। यसलाई समयमै संरक्षण गर्न सके लोप हुँदै गएका जैविक विविधता पुर्नस्थापना हुन सक्नेछ।

## संरक्षणका उद्धेश्यहरू

२.१ पोखरीको सीमांकन गरी पुनर्निमाण गर्ने ।
२.२ पोखरीको परिधिमा ६ मि. चौडा बाँध निर्माण गर्ने ।
२.३ बाँधको चारैतिर पाँच लहर बनाएर वृक्षारोपण गरी हरित पेटी निर्माण गर्ने ।
२.४ यस्तो वृक्षारोपणको संरक्षण गर्न पोखरीको परिधिलाई बार घेरा गर्ने र प्रवेश मार्ग र निकास मार्ग बनाउँने।
२.५ पारिस्थितिक प्रणालीको पुनर्स्थापना पछि यस पोखरीलाई पंक्षी अवलोकन केन्द्र तथा कछुवा संरक्षण केन्द्र बनाउने, साथै
२.६ पोखरीको गहराइ करिब ३ मिटर कायम गरी आन्तरिक तथा बाह्य पर्यटकहरूको लागि हरित पेटिका अवलोकन तथा बोटिङ गर्ने समेत व्यवस्था गर्दै इकोटुरिजमबाट आय आर्जन गर्न सकिने।

## संरक्षणका प्रयासहरू :

यस पोखरीलाई समयमै लोप हुनबाट बचाउन तथा यो क्षेत्रको पर्यावरणलाई संरक्षण गर्न दुई दशक अघिदेखि प्रयास गरिएको हो ।सन २००१ तिर आर्को-नेपाल भन्ने संस्थाले कछुवा संरक्षण केन्द्र बनाउँदै यस पोखरीको संरक्षण गर्न खोजिएको थियो। त्यसपछि पनि विविध कारणले रोकिएतापनि २००५ तिर पर्यावरण संरक्षण समाजले पनि यस पोखरीको सर्भेक्षण गरी प्रतिवेदन तत्कालीन जिविस झापालाई बुझाउने कार्य पनि गरेको थियो। २०७१ साल तिर तत्कालीन राष्ट्रीय सभाका सभासद्मा. अग्नी खरेलज्यूले आफ्नो संस्सदीय कोषको तर्फबाट यस पोखरीको संरक्षण गर्न दश लाख रूपयाँ छुट्याइएको जानकारीमा आएको थियो। उक्त संसदीय रकमले पोखरीलाई बाध बाध्ने काम

गरिएको देखिएको छ। त्यसपछि यो कार्य पुनः यस वर्ष (२०७७)मा पनि यस पोखरीको संरक्षण कार्यलाई निरन्तरता दिन यसको गुरु योजना अनुसार झापा जिल्ला बन कार्यालयको पहलमा स्थानीय जन सहभागितामा चउनी पोखरी संरक्षण तथा व्यवस्थापन समिति गठन भएको जानकारी प्राप्त भएको छ। अवश्य पनि झापा जिल्ला बन बिभागको पहल, प्रदेश सरकारको प्राथमिकता र स्थानिय तहको सक्रियतामा यो सिमसार क्षेत्रको विकासमा टेवा पुगेको छ। गौरीगञ्ज गाउँपालिकाको १ करोड ५० लाख बजेटबाट सिमसारको निर्माण प्रक्रिया अगाडी बढेसंगै यो संरक्षण योजनाले मूर्त रूप लिने विश्वास बढेको छ।

# बाल विकास शिक्षकहरुले राखे माग

झापाका गौरीगञ्ज गाउँपालिका अन्तर्गतका सामुदायिक बिद्यालयमा कार्यरत बाल बिकास शिक्षिका र बिद्यालय कर्मचारीहरुले पेशागत मागहरु अघि सार्दै पालिकाको ध्यानाकर्षण गराएका छन्।

बाल बिकास शिक्षक सञ्जाल गौरीगञ्जको अगुवाईमा उनीहरुले पालिका अध्यक्ष फूलवती राजवंशी र उपाध्यक्ष पुजन न्यौपाने ( कुँवर) लाई मंगलबार कार्यालयमा पुगेर लिखित मागसहितको ज्ञापन बुझाएका हुन। बाल बिकास शिक्षक सञ्जाल गौरीगञ्जकी अध्यक्ष यमुना गौतमको नेतृत्वमा बिभिन्न बिद्यालयमा रहेका ८ जना सञ्जालका पदाधिकारी तथा सदस्यहरुको सो टोलीले बढदो मंहगीका कारण आफूहरुको जिविकोपार्जन हुन समेत कठिन रहेकाले महंगी भत्ता उपलब्ध गराउन, अवकाश पछि रित्तो हात घर फर्किनुपर्ने अवस्थाको अन्त्य गर्दै उपदानको व्यवस्था गर्न, क्षमता बिकासका लागि समय अनुसार विभिन्न तालिम गोष्ठीहरुको व्यवस्था गर्न, बाल बिकास केन्द्रहरुमा आवश्यक शैक्षिक सामग्री तथा बालबालिकाहरुलाई कठ्याङग्रिदो जाडोमा न्यानो कपडा, कार्पेट लगायतका सामग्री उपलब्ध गराउन माग गरेका हुन।

नेपाल शिक्षक महासंघ गौरीगञ्जका अध्यक्ष हरिलाल यादव, नेपाल शिक्षक संघका गाउँ सभापति गोपाल ताजपुरीयाको उपस्थितीमा ध्यानाकर्षण पत्र बुझ्दै गाउँपालिका अध्यक्ष राजवंशीले सामुदायिक बिद्यालयहरुको बेस ( आधार) नै बाल बिकास केन्द्र भएकाले यसलाई थप व्यवस्थित रुपमा सञ्चालन गर्ने गाउँपालिकाको योजना रहेकाले त्यसमा साथ दिन बाल बिकास शिक्षक तथा कर्मचारीहरु अपिल गरिन। उनले पेश भएका न्यायोचित मागहरुको सम्बोधन गरिने प्रतिबद्धता पनि जनाइन।

सरकारले गत बर्षदेखि बाल बिकास शिक्षकहरुले पाउँदै आएको मासिक ६ हजार रुपैयाँलाई बढाएर मासिक १५ हजार पाउने गरी व्यवस्था मिलाएको थियो। चालू आर्थिक बर्षदेखि सो तलब बुद्धी भएर १७ हजार रुपैयाँ कायम भएको भएपनि बाल बिकास शिक्षकहरुले आफूहरुमाथि अन्य शिक्षकहरु सरहको समान व्यवहार गर्दै मंहगी भत्ता लगायतका सुविधाहरु माग गरेका हुन।

- **विभिन्न सामाजिक कार्यक्रमहरुमा साउण्ड सिस्टमको प्रयोग गर्दा समेत मानवीय असर नपर्ने गरी गाउँपालिका वा वडा कार्यालयको अनुमति लिएर मात्र गर्नहुन सम्बन्धित सबैमा अनुरोध गर्दछौं।**

# व्यापक परिवर्तनको अनूभुति दिलाउने छौं:

## अध्यक्ष : फुलवती राजवंशी

**फूलवती राजवंशी गौरीगञ्ज गाउँपालिका अध्यक्ष हुनुहुन्छ। लामो समयदेखि राजनीतिक तथा सामाजिक क्षेत्रमा क्रियाशील राजवंशी गत बैशाखमा भएको स्थानीय तहको निर्वाचनमा लोकप्रिय मतसहित अध्यक्षमा निर्वाचित हुनुभएको हो। गौरीगञ्ज गाउँपालिकाले अघिल्लो पटक अध्यक्ष र उपाध्यक्ष दुवै पदमा पुरुष नेतृत्व पाएकोमा यसपटक भने ति दुवै पदमा महिला नेतृत्वलाई पाएको छ। गाउँपालिकाले यतिबेला आर्थिक बर्ष २०७९/०८० का योजना तथा कार्यक्रमहरुको कार्यान्वयनलाई महत्व दिदैं आएको छ। प्रस्तुत छ गाउँपालिकाको नेतृत्वमा अनुभव, समग्र विकास, निर्माण र भावी लक्ष्य आदिका बिषयमा केन्द्रित भएर गरिएको कुराकानीको सार :**

**➲ गाउँपालिकामा तपाइँहरुले नेतृत्व लिएको ९ महिना बितिसकेको छ कस्तो अनुभव गरिरहनु भएको छ ?**

➢ हो आज भोली भन्दै चुनाव भएको ९ महिना पुगिसकेछ। तर हामीले जेठ १२ गते पदभार ग्रहण गरेका हौं। अनुभव त धेरै लिन बाँकीनै छ। हामीले बर्षायामको प्राकृतिक विपत्तीको अनुभव गरिसकेका छौं। हुन त व्यक्तिगत रुपमा यसपटक मात्रै होइन यही भुगोलको मान्छे, यहींको राजनीति, सामाजिक क्षेत्रमा पदमा हुँदा पनि नहुँदा पनि क्रियाशील नै छु। ता पनि जनप्रतिनिधिको जिम्मेवारीसहितको अनुभव अलि फरक नै हुन्छ। चुनाव सकिएर हामी भेटघाट र धन्यवाद दिने कार्यक्रमहरुमा व्यस्त भएकै बेला हामीले चौतर्फी रुपमा खोला नदीमा आएको बाढीको सामना गर्नुपर्यो। त्यस लगत्तै हामी राष्ट्रिय निर्वाचनमा पनि केन्द्रीत भयौं। त्यसले हाम्रो काम कार्यक्रम अलि धिमा गतिको भयो कि भन्ने कुराहरु पनि आए तर यि सबै काम, कार्यक्रमका सिलसिलामा हामी जनता माझनै छौं। गाउँपालिकाको आधिकारिक बुलेटिन भएको कारण म यसैमार्फत आम गौरीगञ्ज गाउँबासीहरुमा




धन्यवाद पनि दिन चाहन्छौं कि यहाँहरुले प्रकट गर्नुभएको मत यहाँहरुको चेतनास्तरको उपज हो। यहाँको आवश्यकताले मागेको नेतृत्व चयन गर्नुभएको

छ। हामी महिलाले नेतृत्व गर्ने अवसर पाएका छौं। यो देशमै उदाहरणीय हो भन्ने पनि हामीलाई लागेको छ।

**➡ तपाईँको नेतृत्व छ गौरीगञ्ज गाउँपालिकामा सुशासन र पारदर्शीताको बिषय निक्कै चर्को रुपमा उठेको छ यसलाई कसरी लिनु भएको छ ?**

➢ यो कुरामा हामी सहमत छौं । गाउँपालिकामा अहिले जति पनि बेरुजुका बिषयहरु बाहिर आएका छन् विभिन्न समयमा भएका अनियमितताका कुराहरु पनि बाहिर आएका छन । त्यसलाई उजागर गरिदिनु भएकोमा सम्बन्धित पक्षलाई म धन्यवाद दिन चाहन्छु। पहिले पहिलेका कमि कम्जोरी औंल्याइदिनु भएकै कारण अबका दिनमा ति कमी कम्जोरी हुन पाउँदैनन। जहाँसम्म हामीले यहाँ गाउँपालिकाको नेतृत्व सम्हालेपछिको यथार्थ अवस्था त्यस्तो छैन र हुन पनि दिदैंनौं। हामी जनप्रतिनिधिदेखि कर्मचारीहरु सम्मबाट अपनाउनुपर्ने सबै सतर्कता र सावधानी अपनाउन हामीले निर्देशन गरेका छौं । गाउँपालिकाबासीको सेवालाई नै मुख्य लक्ष्य बनाएर हामी आएका छौं। यस कुरामा हामी आम गौरीगञ्जबासीलाई विश्वस्त दिलाउन चाहन्छौं। अहिलेनै धेरै कुरा पनि गर्नु राम्रो हुँदैन भन्ने लाग्छ समय बाँकी छ हाम्रो कार्यकालका गतिबिधिहरुलाई नजिकबाट नियाल्नुहोस हामी पहिलाको तुलनामा व्यापक परिवर्तनको अनूभुति दिलाउँछौ।

**➡ परिवर्तनको अनुभुति दिलाउन के कस्ता कार्यक्रमहरु अघि सारेको छ गाउँपालिकाले ?**

➢ हुन त अहिले हामी शुरुवाती चरणमा छौं मैंले अघि पनि भनें। भर्खरै निर्वाचन सकिएको छ। अब हाम्रा निर्धारित कार्यक्रमहरु कार्यान्वयन गर्दै जाने र भावी योजना तथा कार्यक्रमहरुलाई समावेश गर्दै जाने समय शुरु भएको छ। पहिलो कुरा त हामी शहरोन्मुख यो गौरीगञ्ज गाउँपालिकाको सबै भुगोलमाथि समान व्यवहार गर्छौ। ग्रामिण क्षेत्रलाई माथि उठाउने हाम्रो योजना छ । हामीकहाँ भौतिक पूर्वाधारका थुप्रै योजनाहरु छन । भौतिक पूर्वाधारको बिकास मात्रैले हाम्रो ठाउँको बिकासमा पूर्णता दिलाउन सक्दैन । मानव बिकास, सामाजिक बिकासलाई जनसमुदाय सम्म पुर्‍याउनेछौं । बालबच्चादेखि बृद्धबृद्धासम्म गौरीगञ्ज बासीहरुलाई छुने कार्यक्रम हामीले ल्याएका छौं। सुत्केरी महिलाका लागि पोषण कार्यक्रम, निशुल्क प्रसुती सेवा, प्रसुती यातायात सुविधा, दिर्घरोगी तथा जटिल किसिमका रोग लागेका बिरामीहरुको लागि सहायताका कार्यक्रमहरु हामी कार्यविधि बनाएर पारदर्शी र न्यायोचित ढंगटबाट कार्यन्वयन गरिरहेका छौं।

हामीले गाउँघरमा जाँदा सबैभन्दा धेरै चासो र चिन्ताको बिषयका रुपमा शिक्षा र स्वास्थ्यको बिषय भएको पाएका छौं । हुन पनि यो जायज हो । सामुदायिक बिद्यालयको गुणस्तर सुधारमा हामीले स्पष्ट खाका र योजना बनाएर अघि बढेका छौं। यसमा हाम्रो कार्यपालिकाको सिंगो टिम लागेको छ। आकाशे पानीका भरमा खेती गर्नुपर्ने बाध्यताका किसानलाई बैकल्पिक सिचाइँको योजनाहरु पनि हामीले ल्याएका छौं। अहिले जनप्रतिनिधि र यो व्यवस्थाप्रतिनै जुन किसिमको वितृष्णा पैदा गर्ने गराउने काम भएको छ यसलाई रोकेर सकारात्मक परिवर्तनका लागि हामी अघि बढेका छौं। यसमा गाउँपालिकाबासी सबैले सहयोग गर्नुहुनेछ भन्नेमा हामी आशावादी छौं ।

**➡ गौरीगञ्ज गाउँपालिका भौगोलिक रुपमा समेत खोला नदीबाट बढी प्रभावित क्षेत्र हो यसको समधानका लागि तपाईँहरुको भुमिका के रहन्छ ?**

➢ हो हाम्रो गाउँपालिका क्षेत्र भित्र देशभरमै चर्चा हुने गरेको ठुलो प्रभाव पार्ने कन्काई देखि ससाना खोला नदी समेत ७ वटा खोला नदीहरु पर्छन । यहाँ बर्षेनी २/४ जना मानिसहरुको ज्यानै जाने गरी खोला नदीले दुख दिने गर्छ। सयौं विगाहा खेतीयोग्य जमिन वगर बनिरहेको छ। डुबानको समस्याले सयौं परिवारको उठिवास लाग्ने गरेको छ। यहाँ समस्याहरुको चाङ छ। हामी चुनौतीहरुको सामना गर्न तयार भएर नै यहाँका

जनताको प्रतिनिधित्व गरेर आएका हौं त्यसकारण हामी भन्दा माथिल्लो तहमा पनि सरकार छन । हाम्रो स्थानीय सरकारले यि समस्याहरुमा माथिल्ला सरकारहरु सम्म पुलको भुमिका निर्वाह गर्ने हो । अभिभावकीय भुमिका खेल्ने हो। त्यसमा हामीबाट कुनै कञ्जुस्याइँ हुँदैन।

**➲ यो गाउँपालिकाको भुगोलले राष्ट्रिय व्यक्तित्वहरुलाई सरकारको उच्च तहमा पाएको छ के अपेक्षा गर्नुहुन्छ ?**

➢ हो, हाम्रो गाउँपालिकाको २ वटा वडा बाहेक सबै भुगोल झापाको क्षेत्र नं ५ मा पर्छ। यो क्षेत्रका बासिन्दा भित्रै पर्छन गौरीगञ्ज गाउँपालिकाका बासिन्दा पनि । यहाँका जनताको प्रतिनिधित्व गरेर प्रतिनिधि सभामा प्रतिनिधित्व गर्नुहुने माननीय नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली हुनुहुन्छ। प्रदेश सरकारको मुख्यमन्त्री पनि यो क्षेत्रले पाएको छ। यहाँका जनताले पाएका छन । त्यसकारण अब यहाँको समस्याहरुको सम्बोधनका लागि हामीले उहाँहरु -माथिल्लो सरकार) सम्म पूलको काम गर्ने हो म एउटा पालिका अध्यक्षको हैसियतले उहाँहरुलाई बधाइ पनि दिन चाहन्छु। साथसाथै यहाँका समस्याहरुलाई नजिकैबाट बुझ्नु भएको छ, देख्नु भएको छ र समाधानका लागि के गर्नुपर्छ ? हामीले निर्वाह गर्नुपर्ने भुमिकामा कुनै कमि हुँदैन तर यि ठुला समस्याहरु, यहाँका नदीहरुको तटबन्धन, पक्की पूल, व्यवस्थित शहरको बिकास, यहाँको भन्सारको स्तरोन्नती लगायत यहाँका नागरिकहरुको अधिकतम समस्या समाधानमा हामीले अघि सारेका योजनाहरुमा आवश्यक बजेट उपलब्ध गराउन यहाँहरुको भुमिका हुनेछ भन्नेमा विश्वस्त छु।

# सत्संग मन्दिरको भवन बनाउँदै स्थानीय सरकार



गौरीगञ्ज गाउँपालिका वडा नं. ४ कदमगाछीमा नेपाल सन्तमत सत्संघ मन्दिरको भवन निर्माण भईरहेको छ । गौरीगञ्ज गाउँपालिकाको अघिल्लो आर्थिक वर्षको ४ लाख २० हजार र चालू आर्थिक वर्षको ३ लाख रूपैयाँको लागतमा मन्दिरको भवन निर्माण भईरहेको वडा नं.४ का वडाध्यक्ष फेका गिरीले जानकारी दिनु भयो । स्थानीय समाजसेवी तथा धार्मिक व्यक्तित्व डोमन प्रसाद राजवंशीले निशुल्क ५ कट्ठा जग्गा दिएपछि उक्त मन्दिरमा हाल सानो टहरमा रहेको र दैनिक तथा साप्ताहिक रूपमा धार्मिक अनुष्ठानहरू हुने गरेको छ।

# जनचेतनाका कार्यक्रमहरूलाई बढाउनुपर्ने देखिन्छ-

## पुजन न्यौपाने (कुँवर)

**उपाध्यक्ष** (गौरीगञ्ज गापा)

**'कृषि, स्वास्थ, शिक्षा, उद्योग र आर्थिक विकासमा उन्नति, दीगो विकाससहित गौरीगञ्जको समुन्नति ' भन्ने मुल नारासहित आएको गौरीगञ्ज गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को वजेट, नीति तथा कार्यक्रम कार्यान्वयनको चरणमा छ । गाउँपालिकाले माध्यमिक तह अर्थात ११/ १२ अध्ययनरत विद्यार्थीलाई निःशुल्क शिक्षाको व्यवस्था मिलाउने र एमबीबीएसमा अध्ययनरत गरिव तथा जेहेन्दार विद्यार्थीलाई आंशिक छात्रवृत्तिको व्यवस्था मिलाइने जनप्रतिनिधिहरुले उदघोष गरिसकेका छन् । गौरीगञ्ज गाउँपालिकासंगको सहकार्यमा यस गौरीगञ्ज मिडियाले प्रकाशनमा ल्याएको गौरीगञ्ज बुलेटिनका लागि प्रस्तुत छ गाउँपालिकाका उपाध्यक्ष पुजन न्यौपाने (कुँवर) सँगको कुराकानी :**

**➲ गाउँपालिकामा तपाईंहरुले जिम्मेवारी सम्हाल्नु भएको ८ महिना बित्नै लागेको छ कसरी अघि बढिरहनु भएको छ ?**

➢ हामीले ३० बैशाखमा भएको निर्वाचनपछि परिणाम सार्वजनिक भएर पदभार सम्हाल्दा जेठको दोश्रो हप्ता अर्थात मध्य समय भएको थियो । हामीले जिम्मेवारी लिँदै गर्दा बर्षाले हाम्रो पालिकाको जनजिवन निक्कै अस्तव्यस्त थियो । यसै पनि हाम्रो पालिका भौगोलिक विकटता र प्राकृतिक रुपमानै खोला बाढीको चपेटामा परेको पालिका । बर्षाको असर अरु पालिकाहरुको तुलनामा स्वभाविक रुपले धेरै पर्ने नै भयो । हामीले जसोतसो बाढीको कहरबाट तत्कालका लागि भएपनि मुक्त बनाउने प्रयासमा जुट्यौं ।




माथिल्लो तहका सरकार र यस क्षेत्रका सांसदहरुलाई स्थलगत रुपमै यहाँको अवस्थाका बारेमा जानकारी गराएर आगामी दिनमा यो समस्याको समाधानका लागि ध्यानाकर्षण गराउने काम गर्यौं । हामीले तत्कालिन अवस्थामा एकातिर अघिल्लो आर्थिक बर्षका अघिल्ला जनप्रतिनिधिहरुबाट ल्याइएका योजना तथा

कामहरुको अनुगमन गरेर भुक्तानी दिनुपर्ने, अर्कोतिर चालू आर्थिक बर्षका लागि बार्षिक बजेट तथा कार्यक्रमहरु तय गर्नुपर्ने दोहोरो जिम्मेवारी पूरा गर्यौं । हामीले ४७ करोड २८ लाख ८९ हजार ३ सय ७० रूपैयाँको बजेट कार्यक्रम ल्याइयौं । त्यसलगत्तै सिंगो देशनै चाडपर्व र राष्ट्रिय तथा प्रदेश सभा सदस्यको निर्वाचनमा केन्द्रित भयो । निर्वाचन आचारसहिंताको बन्धनबाट हामी पनि अलग हुन सक्ने कुरा भएन तर पनि त्यसबीचमा पनि हामीलाई चुप लागेर बस्ने छुट थिएन किनकी हामी जिम्मेवारीमै थियौं ।

**➲ गाउँपालिकाका तत्कालिन कामलाई कसरी अघि बढाइरहनु भएको छ ?**

➢ हामीले अस्ति बर्षे अधिवेशनमा ल्याएको बजेट तथा कार्यक्रम कार्यान्वयनमा ध्यान केन्द्रित गरेका छौं । मसिनो ढंगबाट यसलाई हामीले केलाउने काम पनि गरिरहेका छौं । विशेष मैंले बार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने भएपनि एक्लै ति कार्यक्रमहरु ल्याइएका होइनन हामीले साझा रुपमानै छलफल गरेर बोर्ड तथा कार्यपालिकाबाट पास गरेर ल्याएका योजना तथा कार्यक्रमहरु हुन । त्यसकारण यि कार्यक्रमहरुको जस अपजसको भागीदार पनि हामी साझा रुपमानै हुने हो । प्रस्तुत कार्यक्रमहरुलाई सफलतापूर्वक कार्यन्वयन गर्ने गराउने कुरामा हाम्रो जोड रहेको छ ।

**➲ यो छोटो समयमा गाउँपालिका कार्यालय र गाउँपालिकाबासीका सन्दर्भमा तपाईँले के अनुभव गरिरहनु भएको छ ?**

➢ पक्कै पनि यो ८, ९ महिनाको समय निक्कै नै कम समय हो कामको परिणाम देख्नका लागि । तथापी मेरो अनुभवमा पूर्वाधार बिकासका योजनाहरुको गुणस्तरमा जताततै गुनासोहरु आएका छन । योजनाहरुको उपयोगिताका बिषयमा पनि असन्तुष्टिहरु देखिएका छन् । स्रोत साधनको अभावका कारण यहाँको कालोपत्रे गुणस्तर मापनमा नै विश्वास गर्न सकिने अवस्था छैन । भवन, ग्राभेल, कल्भर्ट, पूल पुलेसाहरुको निर्माणमा धेरै लापरवाही देखिन्छ । म योजनाहरुको अनुगमन गर्ने संयोजकको जिम्मेवारीमा समेत रहेकाले फिल्डमा मैंले त्यो पाएको छु । यसलाई करेक्सन गर्न आवश्यक छ । हाम्रो गाउँपालिका टिम, यसका नेतृत्वकर्ताहरु यसमा समयमै सजग भएर लागिएन भने भोलीका दिनमा नागरिकस्तरबाटनै विरोध हुन सक्ने, हाम्रो बजेट अनुपयोगी हुन सक्ने र प्रतिफल राम्रो नआउने खतरा देखिन्छ । यसले हाम्रो स्थानीय सरकार र यो व्यवस्थाप्रतिनै नागरिकहरुमा वितृष्णा उत्पन्न हुँदा ठुलो मुल्य चुकाउनु पर्ने आवस्था आउन सक्ने तर्फ हामी सजग हुनुपर्छ भन्ने लागेको छ ।

**➲ गाउँपालिकाको पूर्वाधार बिकासलाई छोडेर यहाँको सामाजिक बिकासको कोणबाट कस्तो पाइरहनु भएको छ ?**

➢ हाम्रो पालिका अन्य पालिकाहरुको तुलनामा ग्रामिण भुगोल, विपन्न नागरिकहरुको बसोबास धेरै भएको र सामाजिक बिकासमा पनि धिमा गतिले अघि बढिरहेको पालिका हो भन्ने बुझ्न गाह्रो छैन । यहाँका धेरै आमा, दिदीबहिनीहरु विबिध कारणले लामो समय सम्म पछाडी पारिनु भयो । यहाँको शैक्षिक अवस्था पनि अलि कमजोर हुँदा नागरिकहरुमा चेतनाको बिकास पनि ढिलो गरी हुने क्रममा छ । अभिभावक तहबाटनै कमि कम्जोरी रहँदा अझै पनि हाम्रो पालिकाका बालबालिकाहरु मौलिक हक तथा आधारभूत अधिकारहरुबाट बञ्चित छन । हिंसा पीडित महिला दिदीबहिनीहरु न्यायको लागि माथिल्लो निकाय सम्म पुग्न नसक्ने भएका कारण हिंसा सहेरै बसेका घटनाहरु पनि समाजमा देखिएका छन । पारिवारिक बेमेल, सामाजिक बहिष्करण , हिंसा, आत्मनिर्भरताको कमि जस्ता सामाजिक समस्याहरु यहाँ देखिएका छन । त्यसकारण मेरो अनुभवमा यहाँको सामाजिक बिकासका निम्ति अझै पनि राज्यका उपल्लो तहका निकायहरु, दातृ निकायहरु र सामाजिक संघ संस्थाहरुले जनचेतनाका कार्यक्रमहरुलाई हाम्रो पालिकामा बढाउनु पर्ने आवश्यकता मैंले देखेको छु । र म त्यसै अनुसार माथिल्लो तह सम्म पनि कुराकानी गरेर त्यस किसिमका कार्यक्रमहरुका लागि पहल गरिरहेकी छु ।

**व्यक्तिगत घटना जन्म मृत्यु बसाई सराई,**
**विवाह सम्बन्ध विच्छेद तोकिएको समय**
**३५ दिन भित्रमा दर्ता गरौं ।**